मानो रोपौं, मुरी फलाऔं,
खेतीयोग्य जमीन बाँझो नछोडौं,
पसिना बगाऔं, समुन्नत बनौं,
आफू र देशलाई परनिर्भरताबाट बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० असार ०८ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 June 23 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २९३

## चिल्ड्रेनपार्क अतिक्रमण हटाउन महानगरले फेरि डोजर चलायो

प्रस, वीरगंज, ७ असार/

वीरगंज महानगरपालिका कार्यालयले बिहीवारदेखि माईराम पोखरी (चिल्ड्रेन


तस्वीरः प्रतीक

पार्क)को अतिक्रमित क्षेत्र हटाउने कार्यलाई पुनः निरन्तरता दिएको छ।

पछिल्लोपटक महानगरले



चिल्ड्रेनपार्कको अतिक्रमित क्षेत्र हटाउने कार्य गत फागुन १६ गतेदेखि शुरू गरेको थियो । स्थानीयले पटक–पटक आफैंले संरचना हटाउने भनी समय लिएको र महानगरले पनि समय प्रदान गर्दै आएकामा त्यतिखेर एक महीनामा चारपटक मात्र डोजर चलेको थियो । एक महीनाको अन्तरालमा समय लिएका स्थानीयले उच्च अदालतबाट अन्तरिम आदेश जारी गराएर महानगरको अभियान रोकेका थिए ।

माईराम पोखरी २०२१ सालको नापनक्शासम्म चार बिघा क्षेत्रफलमा थियो । पछि पोखरीको डिलमा तीन धुरदेखि एक कट्ठासम्म जग्गा खरीद



गरेका ५७ जनाले अतिक्रमण गरेर सो पोखरीलाई १९ कट्ठामा खुम्च्याएका थिए। नगरपञ्चायतदेखि महानगरपालिका भइसकेपछि पनि सो अतिक्रमण हटाउन पटक–पटक प्रयास गरिए पनि पूर्ण सफलता हात लागेको छैन ।

महानगरले यसअघि शुरू गरेको अभियानमार्फत एक बिघा जग्गा अतिक्रमणमुक्त गरेको दाबी गर्दै आएको छ। पार्कको पूर्वपट्टिका संरचनाहरू खाली गराएर एक बिघा जग्गा अतिक्रमणमुक्त गराएको नगरप्रमुख राजेशमान सिंहले बताएका छन्। उनले अदालतको आदेश अनुसार पूर्वतर्फको संरचना हटाउने कार्य रोकिएको बताए ।

यसैबीच, आजदेखि तीनवटा डोजर लगाएर पश्चिमतर्फका सातवटा संरचना हटाइएको भौतिक पूर्वाधार अतिक्रमण नियन्त्रण समितिका संयोजक वडाध्यक्ष प्रदीप चौरसियाले बताए । उनले पूर्वतर्फका स्थानीयले अदालतबाट अन्तरिम आदेश जारी गराएकाले त्यसतर्फ अभियान रोकिएको तर आजदेखि कानूनी परामर्श लिएर पश्चिमतर्फको अतिक्रमित क्षेत्र खाली गराउन थालिएको बताए । उनले एकै दिन सातवटा संरचना खाली गराइएको र यसले निरन्तरता पाउने बताए ।

नगरप्रमुख सिंहले माईराम पोखरीको अतिक्रमित क्षेत्र पूर्णरूपमा खाली गराउने दाबी गर्दै आएका छन् । उनले अनुकूल अवस्था सिर्जना हुने बित्तिकै अतिक्रमित क्षेत्र खाली गराउने बताए । नगरप्रमुख सिंहले महानगरभित्रका थुप्रै ठाउँमा अतिक्रमित क्षेत्रहरू खाली गराउने कार्य गरेका छन् ।

चिल्ड्रेन पार्कको अतिक्रमित क्षेत्र हटाउने कार्य शुरू भएपछि त्यहाँ हुने प्रातःभ्रमण विगत छ महीनादेखि प्रभावित भएको छ ।

## महिला यौनकर्मी सुध्रिए
## तेस्रोलिङ्गी यौनकर्मीमा सुधार आएन

प्रस, वीरगंज, ७ असार/

वीरगंजमा तेस्रोलिङ्गी यौनकर्मीहरूको आतङ्क कम हुन सकेको छैन । जिल्ला प्रहरी कार्यालय, पर्साले यसअघि चलाएको महिला यौनकर्मीविरुद्धको अभियानबाट महिला यौनकर्मीहरूको



सङ्ख्यामा कमी आएको तर यो अवधिमा प्रहरीले तेस्रोलिङ्गी यौनकर्मीहरूलाई भने सुधार गर्न नसकेको यो क्षेत्रमा कार्यरत संस्थाहरूले जानकारी गराएका छन् ।

प्रहरीले विभिन्न चरणमा होटल, लज र घरहरूमा छापा मारी रकम लिएर यौन व्यवसायमा लागेका महिला यौनकर्मीहरूलाई निरुत्साहित गरेको थियो। पर्सा जिल्लामा तीन सयभन्दा बढी महिला यौनकर्मी कार्यरत रहेका यससम्बन्धी कार्यमा संलग्न संस्थाहरूले जानकारी गराएका छन् ।

अहिले होटल, लज र घरमा महिला यौनकर्मीहरूको सङ्ख्या पातलिएको छ । प्रहरीले विभिन्न चरणमा यो कार्यविरुद्ध अभियान चालेको कारण महिला यौनकर्मीहरूको सङ्ख्यामा कमी आएको हो तर महानगरका विभिन्न स्थानमा खासगरी बाइपास, इनरबाइपास, पावरहाउस, विपी उद्यान क्षेत्र, ड्राइपोर्टचोक आदिमा भने तेस्रोलिङ्गी यौनकर्मीहरूको व्यवसायलाई प्रहरीले नियन्त्रण गर्न सकेको छैन ।

यी क्षेत्रमा तेस्रोलिङ्गी यौनकर्मीहरूका कारण स्थानीयहरूलाई समस्या भएको छ । उनीहरूले खुलेआम यौन कार्यको लागि आग्रह गर्ने र ग्राहकहरूसँग जोरजबरजस्ती गरेर पैसा ठग्ने कार्य गर्दै आएका छन् ।

प्रहरीमा उनीहरूविरुद्ध नियमितरूपमा उजूरी परे पनि यस सवालमा प्रहरीले गम्भीरतापूर्वक लिन सकेको छैन । जसले गर्दा तेस्रोलिङ्गी यौनकर्मीहरूको आतङ्क बढेको सरोकारवालाहरूले गुनासो गरेका छन्।

## पर्सा जिल्ला अदालतले जेठसम्म ५३ सय मुद्दा टुङ्गो लगायो

प्रस, वीरगंज, ७ असार/

पर्सा जिल्ला अदालतले जेठ मसान्तसम्म १२ हजार २७२ मुद्दामध्ये पाँच हजार ३६८ वटा मुद्दा फछ्र्योट गरेको छ । पर्सा जिल्ला अदालतले उपलब्ध गराएको तथ्याङ्क अनुसार चालू आवको जेठ मसान्तसम्म पाँच हजार ८५७ वटा नयाँ मुद्दा दर्ता भएका र पछिल्लो वर्षको जिम्मेवारीका छ हजार ४१५ मुद्दा गरी १२ हजार २७२ मुद्दामध्ये पाँच हजार ३६८ वटा मुद्दा फछ्र्योट गरेको र छ हजार ९०४ वटा मुद्दा अझै बाँकी रहेको जनाएको छ ।

बाँकी रहेका मुद्दामा एक वर्ष नाघेका दुई हजार ९६७, १८ महीना नाघेका एक हजार ८१७, दुई वर्ष नाघेका एक हजार तीनवटा मुद्दा रहेका छन्। न्यायाधीशहरू विनोदकुमार पोखरेलको इजलासबाट ६८६, रामप्रसाद शर्माको इजलासबाट ७४८, विष्णुप्रसाद उपाध्यायको इजलासबाट ६९१, ध्रुवबहादुर त्रिपाठीको इजलासबाट ५२५, कृष्णप्रसाद पौडेलको


तस्वीरः फाइल

इजलासबाट ३३२, विश्वनाथ भट्टराईको इजलासबाट ६०२, प्रह्लादकुमार योगीको इजलासबाट ४५४, विद्याराज पौडेलको इजलासबाट ५१८, पुरुषोत्तम नेपालको इजलासबाट ४०१, भगवती शर्मा ढुङ्गानाको इजलासबाट ३४४ र यसअघि सरुवा भएर गएका न्यायाधीशहरूले ६७ वटा गरी पाँच हजार ३६८ वटा मुद्दा फछ्र्योट भएका पर्सा जिल्ला अदालतले जानकारी गराएको छ ।

## ईशनाथ नगरपालिकाको नगरसभा सम्पन्न

प्रस, रौतहट, ७ असार/

ईशनाथ नगरपालिकाको सातौं



तस्वीरः प्रतीक

नगरसभाले रु ५० करोड ६९ हजारको बजेट सार्वजनिक गरेको छ ।

आर्थिक विकासतर्फ चार प्रतिशत, सामाजिक विकासतर्फ १४ प्रतिशत, पूर्वाधार विकासतर्फ ७५ प्रतिशत, वातावरण तथा विपद् व्यवस्थापनतर्फ दुई प्रतिशत र संस्थागत विकास तथा सेवाप्रवाहतर्फ पाँच प्रतिशत बजेट विनियोजन गरेको छ। सो नगरसभाका प्रमुख अतिथि मधेस प्रदेश सरकारका वातावरण तथा पर्यटनमन्त्री रमेश कुर्मीले वातावरण तथा पर्यटनसम्बन्धी कार्यक्रम बनाएर ल्याए ईशनाथ नपालाई थप बजेट दिने बताए ।

आफ्नो मन्त्रालय अन्तर्गत वृक्षारोपण र पर्यटन क्षेत्रको विकासका लागि मात्र बजेट रहेकोले सोअनुरूप कार्यक्रम बनाउन ईशनाथ नपालाई सुझाव दिए । उनले अहिले विश्वकै वातावरण दूषित भइरहेकोले वातावरण सपार्न एक घर एक बिरुवा रोप्न आग्रह गरे ।

नगरप्रमुख कौशलिया देवीको अध्यक्षतामा भएको नगरसभा उद्घाटन सत्रमा प्रमुख प्रशासकीय अधिकृत भूदेव झा, वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरू, भद्रभलादमी, पत्रकारहरूको सहभागिता थियो ।

## जनमतले वीरगंजमा बजेटको प्रतिलिपि जलायो


तस्वीरः प्रतीक

प्रस, वीरगंज, ७ असार/

सरकारले ल्याएको आव २०८०/८१ को बजेट मधेसविरोधी भएको भन्दै जनमत पार्टी, पर्साले वीरगंजको घण्टाघरमा बिहीवार बजेटको प्रतिलिपि जलाएको छ ।

घण्टाघर चोकमा भेला भएका जनमत पार्टीका नेता, कार्यकर्ताहरूले विरोध प्रदर्शन गर्दै बजेटको प्रतिलिपि जलाएका थिए ।

प्रदर्शनकारी जनमतका स्थानीय नेताहरूले सरकारले बजेट संशोधन नगरे सशक्त आन्दोलनमा उत्रिने चेतावनी दिए ।

सङ्घीय सरकारले ल्याएको बजेटमा मधेस प्रदेशलाई उपेक्षा गरी सबैभन्दा कम बजेट विनियोजन गरिएको जनमत पर्साका संयोजक ओमप्रकाश सर्राफले बताए । उनले मधेसी जनताबाट कर मात्रै उठाउने तर बजेट नदिने प्रवृत्ति अहिलेको सरकारले पनि दोहोर्‍याएकोले प्रतिलिपि जलाइएको बताए ।

कार्यक्रममा पूर्वमन्त्री करिमा बेगम, पूर्वप्रदेशसभा सदस्य प्रह्लाद गिरी, बिपी साह, डा अजय यादव, माधव सिंह, मुकेश द्विवेदी, श्याम गुप्ता, अनीता रौनियारलगायतको सहभागिता थियो ।

जनमत पार्टीका अध्यक्ष डा सिके राउतले बजेटको विरोध गर्दै संशोधन नभए पास नगर्ने संसद्मा बताउँदै आएका छन् ।



तस्वीरः प्रतीक

## विचारसार र सूक्तिहरू

**साहसी सोच हो–गर वा मर । व्यावहारिक सोच हो–मर्नु अघि गर र विजेताको सोच हो–काम सिध्याउनु अघि नमर ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

## झारा टार्ने काम

**देशभरका स्थानीय तहहरू अहिले आफ्नो नीति तथा कार्यक्रम र बजेट निर्माणमा सक्रिय छन् । असार १० गतेसम्म सबै स्थानीय तहले नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेकै हुनुपर्छ । अनिमात्र ती पालिकाहरूले सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान सहयोग पाउँछन् । अहिले धेरैजसो स्थानीय तह सरकारी अनुदान सहयोगबाट चलेका छन् । आन्तरिक आम्दानी थोरैले मात्र उठाउन सकेका छन् । आन्तरिक आयस्रोत उठाउने, उठाउँदै आएकाले बढाउनेतर्फ विचारविमर्श गरेको पाइन्न । पर्सा जिल्लामा भने वीरगंज महानगरपालिका र पकहामैनपुर गाउँपालिकाबाहेक अन्य १२ वटा पालिकाको आन्तरिक आयस्रोत शून्य बराबर छ । वीमनपाले विभिन्न शीर्षकहरूमा राजस्व सङ्कलन गर्दै आएको छ । सम्पत्ति कर, नक्शापास, सिफारिश, पार्किङ, व्यवसायकर, भूमि/मालपोत आदि शीर्षकमा करीब रु ५० करोड राजस्व सङ्कलन गर्दै आएको छ । पकाहामैनपुरले पोखरीहरूको ठेक्काबाट राजस्व सङ्कलन गर्दै आएको देखिन्छ । यी दुईबाहेक तीनवटा नगरपालिका र नौवटा गापाको आन्तरिक आयस्रोत शून्य छ ।**

**अहिलेसम्म नगरपालिका घोषित भएका पर्साका पोखरिया, बहुदरमाई र पर्सागढी नगरपालिकाले सम्पत्ति कर, नक्शापास, सिफारिश, पार्किङ, व्यवसायकर, भूमि/मालपोत आदिबाट राजस्व सङ्कलन गर्न सकेको छैन । यी कर सङ्कलन गर्ने कानूनी अधिकार भएपनि आन्तरिक आयस्रोत बढाउने र आन्तरिक आयस्रोतबाट विकास निर्माण कार्य गर्ने प्रयास गरेका छैनन् । अनुदान सहयोगमा टिकेको र त्यही खर्च पनि नियमसङ्गतरूपमा गर्न नसकेको अवस्थामा आन्तरिक आयस्रोत बढाउनका लागि माथापच्ची गर्दा आइपर्ने विवाद, जोखिम मोल्न चाहेका देखिंदैनन् । नगरपालिकाहरूको यो अवस्था छ भने गापाहरूले हिम्मत नै देखाएका छैनन् । सङ्घ र प्रदेश सरकारबाट प्राप्त अनुदान सहयोग खर्च गर्न नसकेको र त्यसैमा रजगज गर्दै आएका पालिकाहरूले आगामी आवको नीति तथा कार्यक्रममा आन्तरिक आयस्रोतको विषयलाई समावेश गरेका पनि छैनन् । वार्षिकरूपमा तयार पारिने नीति तथा कार्यक्रममा सामान्य फेरबदल गर्ने र एकले अर्काको नीति तथा कार्यक्रमलाई हूबहू प्रस्तुत गर्नेबाहेक पालिकाहरूले गतिलो काम गर्न सकेका छैनन् । शिक्षा, स्वास्थ्य, कृषिलाई प्राथमिकतामा राख्न सरकारले तोके अनुसारका कार्यहरूलाई कार्यक्रममा प्रस्तुत गर्ने अनि सडक, नाला निर्माणमा सबैभन्दा बढी रकम विनियोजन गर्नेबाहेक पालिकाहरूले प्रस्तुत गर्ने नीति तथा कार्यक्रम र बजेटमा वडास्तरीय भागबन्डालाई प्राथमिकता दिने र दिगो विकासका योजनाहरूलाई कुनै पनि पालिकाले उठान गरेर अगाडि बढेको देखिन्न ।**

**निर्वाचित भएर आएपछि दीर्घकालीन योजनाहरू अगाडि बढाएर पञ्चवर्षीयरूपमा पूरा गर्ने र सो अनुसारको नीति अवलम्बन गर्न बजेट विनियोजन गर्न कुनै पनि पालिकाले प्रयास गरेका छैनन् । अहिले महानगरले ल्याएको नीति तथा कार्यक्रम होस् अथवा जिल्लाका १३ वटा पालिकाले ल्याउन थालेको नीति तथा कार्यक्रम र बजेटमा यी कुराहरूको चर्चा पनि पाइन्न । भाषणमा ठूलाठूला कुरा गर्ने तर सोअनुरूप नीति बनाएर बजेट विनियोजन गरी कार्य सफलतातर्फ अग्रसर हुने पालिकाहरू देखिएकै छैनन् भन्दा पनि हुन्छ ।**

# सन्तुलित राष्ट्रिय आय वितरण: गम्भीर आर्थिक समस्या

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**साना व्यापारको संरक्षण गर्नु आजको चुनौती हो । साना व्यापार (सडक र सडकपेटीका पसल) हरूको क्रमशः समाप्ति अहिले विश्वव्यापी समस्याको रूपमा देखिएको छ । यो समस्या नेपालमा पनि देखिन थालेको छ ।**

देश धनी हुनु भनेको सम्पूर्ण देशवासीहरू धनी हुनु होइन । देश धनी भएर पनि देशका बहुसङ्ख्यक नागरिक गरीब हुन सक्छन् । यो तथ्यको उदाहरण हेर्न धेरै पर जानुपर्दैन । हाम्रो दक्षिणी छिमेकी देश भारतको आर्थिक स्थिति हेर्दा हुन्छ ।

विश्वका आर्थिक महाशक्ति राष्ट्रहरूको सूची हेर्ने हो भने विश्वको सर्वाधिक ठूलो अर्थ व्यवस्था (26.85 trillion) संयुक्त राज्य अमेरिकाको रहेको देखिन्छ । यसैगरी दोस्रो, तेस्रो, चौथो र पाँचौंमा क्रमशः चीन, जापान, जर्मनी र भारत विश्वका ठूला अर्थ व्यवस्थाको रूपमा रहेको पाइन्छ ।

माथि प्रस्तुत जानकारीहरूको विश्लेषण गर्दा भारत ठूलो अर्थ व्यवस्था भएको कारण धनी राष्ट्रहरूको सूचीमा परेको त देखिन्छ नै, साथै यो देश विश्वको पाँचौं ठूलो अर्थ व्यवस्था भएको देश रहेछ भन्ने कुरा पनि प्रस्ट हुन आउँछ । आर्थिक कारोबार पनि भारतको ठूलो ($ 3.74 trillion) रहेको छ ।

विश्वको ठूलो अर्थतन्त्रको रूपमा भारतको स्थान पाँचौं छ । भारतले ठूलो परिमाण एवं मूल्यमा आर्थिक कारोबार गर्छ । त्यस हिसाबले भारतलाई धनी राष्ट्र मान्नुपर्ने हुन्छ । तर के यथार्थमा भारत धनी राष्ट्र हो ? यदि भारत धनी राष्ट्र हो भने भारतमा गरीबहरूको सङ्ख्या न्यून हुनुपर्ने हो । होइन र? तर आश्चर्य ! विश्वमा सर्वाधिक ठूला झोपडपट्टी भएका राष्ट्रहरूको सूचीमा भारत पनि पर्दछ । भारतमा गरीबहरूको सङ्ख्या पनि ठूलो छ । त्यो पनि अति गरीबहरूको ।

भारतको महाराष्ट्र राज्यको मुम्बई शहरस्थित धाराबीलाई विश्वका सर्वाधिक ठूला झोपडपट्टीहरूमध्ये एक मानिन्छ । क्षेत्रफलको हिसाबले अति सानो, मात्र २.३९ वर्गकिलोमिटरमा फैलिएको धाराबी झोपडपट्टीमा करीब १० लाख मानिसको बसोवास छ । भारतका अन्य शहरमा पनि ठूलो सङ्ख्यामा गरीबहरूको बस्ती (झोपडपट्टी) रहेको पाइन्छ । अर्थात् बसोवासका लागि आफ्नो घर नहुनेहरूको सङ्ख्या भारतमा ठूलो छ । यो तथ्यले भारतलाई धनी राष्ट्र भन्न गाऱ्हो हुन्छ ।

दक्षिण अफ्रिकाको केप टाउनस्थित खाएलित्सा, केन्याको नैरौबीस्थित किबेरा र पाकिस्तानको कराँचीस्थित ओरांगी झोपडपट्टी पनि विश्वका ठूला झोपडपट्टीहरूमध्ये अति ठूला झोपडपट्टी हुन् । खाएलित्सा, किबेरा र ओरांगी जस्ता ठूला झोपडपट्टीहरूमा क्रमशः ४ लाख, ७ लाख र २४ लाख मानिस बसोवास गर्छन् ।

झोपडपट्टी अर्थात् स्लम्स (slums) लाई विभिन्न किसिमले परिभाषित गरिएको पाइन्छ । सामान्य किसिमले भन्नुपर्दा, अति न्यून आय भएका घरवारविहीन व्यक्ति वा परिवारद्वारा सरकारी वा सार्वजनिक जग्गा अतिक्रमण गरेर बनाइएका झोपडीहरूको समूह झोपडपट्टी वा स्लम्स हो । सोझो किसिमले भन्नुपर्दा गरीबहरूको बस्तीलाई झोपडपट्टी भनिन्छ । झोपडपट्टीमा अत्यधिक जनघनत्व भएकोले उपलब्ध सीमित स्रोत र साधन (बिजुली, सडक, पानी, सञ्चार, जमीन, आकाश, वायु, प्रकाश) हरू बहुसङ्ख्यक व्यक्तिले बाँड्नुपर्छ । अर्को शब्दमा झोपडपट्टीहरूमा स्रोत र साधनको अति कम आपूर्ति हुन्छ ।

**झोपडपट्टीको निर्माण कसरी हुन्छ ?**

झोपडपट्टी निर्माणको प्रमुख कारण नै असन्तुलित राष्ट्रिय आय वितरण हो । स्थानीयस्तरमा आय सृजना हुने अवसर नभएमा, रोजगार नपाएमा, स्थानीय स्रोत र साधनमाथि मुट्ठीभर व्यक्तिको कब्जा भएमा, ठूलो सङ्ख्यामा स्थानीय मानिस ठूला–ठूला त्यस्ता शहरतिर लाग्छन् जहाँ केवल गुजारा गर्नका लागि भए पनि रोजगार प्राप्त हुन्छ । वा आय सृजना गर्ने अवसर प्राप्त हुन्छ । यसरी गाउँबाट शहर पलायन हुनेहरूले झोपडपट्टी निर्माण गर्छन् । स्थानान्तरण गरी शहरतिर पसेकाहरूले त्यहाँ आवास खर्च (घर निर्माण व घर भाडा), जुन ठूलो परिमाणमा हुन्छ, बेहोर्न सक्तैनन् र झोपडपट्टीमा बस्न बाध्य हुन्छन् ।

असन्तुलित राष्ट्रिय आय वितरणले गर्दा झोपटपट्टीहरूको सङ्ख्या मात्र वृद्धि हुँदैन, गरीबहरूको सङ्ख्यामा पनि व्यापक विस्तार हुन्छ । गरीब र धनीबीच खाडल पनि ठूलो हुन पुग्छ ।

**असन्तुलित राष्ट्रिय आय वितरणको स्थिति कसरी उत्पन्न हुन्छ ?**

राष्ट्रिय आय वितरण प्रणालीलाई असन्तुलित पार्ने अनेक तत्त्व छन् । ती सम्पूर्ण तत्त्वबारे चर्चा गर्न यस छोटो लेखमा सम्भव नहुने भएकोले यस लेखमा केवल व्यापारलाई समाविष्ट गरिएको छ र त्यसबारे चर्चा गर्ने प्रयास गरिएको छ । देशका केही सीमित व्यक्तिहरू मात्र ज्यादै धनी भएमा र बहुसङ्ख्य व्यक्ति गरीब भएमा राष्ट्रिय आय वितरण असन्तुलित हुन पुग्दछ । अर्को शब्दमा, देशका उद्योग एवं व्यापार केवल केही व्यक्तिको हातमा मात्र सीमित भएमा र वहुसङ्ख्य व्यक्तिको हातबाट उद्योग व्यापार बाहिर गएमा राष्ट्रिय आय वितरण असन्तुलित हुन पुग्दछ ।

माथिका कुरा बुझ्न सरल पार्न यहाँ एउटा उदाहरण प्रस्तुत गर्नु सान्दर्भिक होला । शहरलाई सफा र सुन्दर पार्न सडक र सडकपेटीमा लाग्ने व्यापार हटाएमा त्यस्ता व्यापारीहरूले रोजगार गुमाउँछन् । अर्कोतिर, सडक छेउमा कोठा लिएर व्यापार गर्नेहरूको व्यापार वृद्धि हुन्छ । तर कोठा भाडामा लिएर व्यापार सञ्चालन गर्नेहरूको सङ्ख्या ज्यादै कम हुन्छ । यो नयाँ परिस्थितिमा, सीमित व्यापारीहरू (कोठा भाडामा लिने) को आय वृद्धि हुन्छ । तर ठीक त्यही समयमा, सडकमा व्यापार गर्न नपाएर व्यापारबाट बाहिरिएका व्यापारीहरू, आय नभएर, झनै निर्धन हुन पुग्छन् । यसरी केवल एक सामान्य कार्य (साना व्यापारीहरूलाई सडकमा व्यवसाय गर्न नदिने निर्णय गर्दा) पनि राष्ट्रिय आय असन्तुलित हुन पुग्छ । धनी झनै धनी (कोठा लिएर व्यापार गर्नेहरू) भएर जान्छन् भने गरीब (सडकबाट उठिबास भएका व्यापारीहरू) हरू झनै गरीब हुन्छन् । कालान्तरमा आय सृजना गर्ने कुनै अवसर नपाएर त्यस्ता निर्धन व्यापारीहरूले रोजगारका लागि देशको अन्य ठूला शहर वा विदेशतिर स्थानान्तरित हुनुपर्ने बाध्यात्मक परिस्थिति उत्पन्न हुन्छ ।

अब अर्को माथिकै स्थितिमा, तर फरक उदाहरण हेरौं । कोठा भाडामा लिएर आनन्दपूर्वक जुन जुन व्यापारीले व्यापार सञ्चालन गरिरहेका थिए, उनीहरूको आनन्दको आयु पनि छोट्टिन पुग्छ । उनीहरू पनि गरीब भएर अर्को शहरतिर लाग्ने वा विदेशतिर पलायन हुने स्थिति आउन सक्छ । कसरी ?

जब शहरमा ठूला–ठूला मल (बृहत् खुला बिक्री भण्डार) हरूको स्थापना हुन्छ तब मलभित्र रहेका सीमित भण्डारहरूले ठूलो परिमाणमा सामग्री बिक्री गर्न सक्ने स्थिति उत्पन्न हुन्छ । खरीद सुविधा र प्रतिष्ठा, यी दुई कारणले गर्दा मलतिर जानेहरूको सङ्ख्यामा व्यापक वृद्धि हुन्छ भने सडक छेउमा कोठा भाडामा लिएर पसल सञ्चालन गर्नेहरूको व्यापार ह्वात्तै घट्छ । त्यति मात्र होइन, सडकको छेउमा, कोठा भाडामा लिएर पसल सञ्चालन गर्नेहरूको पसलमा ग्राहकहरू न्यून सङ्ख्यामा आउने नयाँ स्थितिले गर्दा उनीहरूले आफ्नो व्यापार नै बन्द गर्नुपर्ने हुन सक्छ ।

यो नयाँ स्थितिले गर्दा शहरको कुल व्यापार मलका केही मालिकको हातमा पुग्छ । उनीहरू वा केही सीमित व्यक्तिहरू–मलका मालिकहरू, मात्र धनी, झन् धनी, हुने स्थिति उत्पन्न हुन्छ भने सडकमा व्यापार गर्ने, सडक छेउमा कोठ लिएर व्यापार गर्नेहरू व्यापारबाट सदाका लागि पलायन हुने स्थिति उत्पन्न हुन्छ । यसले गर्दा शहरमा मलहरूको उपस्थितिले गर्दा, राष्ट्रिय आय वितरण पुनः असन्तुलित हुन पुग्छ ।

माथि गरिएका चर्चाहरू, माथि प्रस्तुत गरिएका उदाहरणहरू अति सामान्य छन्, तर राष्ट्रिय आय कसरी असन्तुलित हुन पुग्छ भन्ने तथ्य बुझ्न महत्त्वपूर्ण किसिमले सघाउ पुऱ्याउँछन् ।

नेपालमा राष्ट्रिय आय वितरण समस्या गम्भीररूपमा प्रकट भएको देखिएको त छैन, तर स्थिति यस्तै रहेमा यो समस्या भविष्यमा विकराल हुन सक्छ । हुनत अहिले पनि राष्ट्रिय आय वितरण अति असन्तुलित भएकोले नै ठूलो सङ्ख्यामा नेपाली युवाहरू रोजगारको लागि विदेश पलायन हुन बाध्य छन् ।

राष्ट्रिय आय वितरणलाई सन्तुलित पार्नु भनेको सबैको हातमा आय हुने स्थिति सृजना गर्नु हो । सबैलाई, न्यून मात्रामा भए पनि, आय होस्, जसले गर्दा जीवन निर्वाह स्थानीय स्तरमा नै गर्न सरल होस्, सम्भव होस् । सानो मात्रामा भए तापनि जीवन निर्वाहका लागि सबैको हातमा आय हुनु राष्ट्रिय आय वितरण सन्तुलनतर्फ उन्मुख हुनु हो ।

राष्ट्रिय आय वितरणलाई सन्तुलित पार्ने अनेक उपाय छन् । ती सबै उपायको चर्चा यहाँ सम्भव छैन । तीमध्ये केवल एउटा र प्रमुख उपायको चर्चा गर्नु उपयुक्त होला । साना व्यापारको विकास र संरक्षण गर्नु राष्ट्रिय आय वितरणलाई सन्तुलित पार्नु हो । सडक र सडक छेउमा कोठा लिएर व्यापार गर्नेहरूको व्यापार व्यवस्थित पार्नु, तिनको संरक्षण गर्नु, विकास गर्नु र तिनलाई प्रोत्साहित गर्नु राष्ट्रिय आय वितरणलाई सन्तुलित पार्ने ठोस प्रयास हो ।

साना व्यापारको संरक्षण गर्नु आजको चुनौती हो । साना व्यापार (सडक र सडकपेटीका पसल) हरूको क्रमशः समाप्ति अहिले विश्वव्यापी समस्याको रूपमा देखिएको छ । यो समस्या नेपालमा पनि देखिन थालेको छ ।

हामीले साना व्यापारको संरक्षण गर्नुपर्छ । यो कार्य गरेर हामीले राष्ट्रिय आय वितरणलाई सन्तुलित पार्न सक्छौं ।

# किसान पलायन भए, 'ब्रोइलर' कुखुराको मासु अभाव

भरतपुर, ७ असार/रासस

नेपालमा ब्रोइलर कुखुराको मासु अभाव भएको छ । किसान कुखुरा पालन व्यवसायबाट पलायन हुने क्रम बढेसँगै देशभर मासुको अभाव भएको हो । नेपाल पोल्ट्री महासङ्घका उपाध्यक्ष टीकाराम पोखरेलका अनुसार ९० प्रतिशत किसानले कुखुरा पाल्न छाडेका छन् ।

बैंकले किसानलाई ऋण नदिंदा किसानले चल्ला र दाना किनेर कुखुरा पाल्न सक्ने अवस्था नरहेको उपाध्यक्ष पोखरेल बताए । उनले भने–"किसानले गरेको उत्पादनको मूल्य राम्रो छ, तर किसानले चल्ला हाल्न सक्ने अवस्था छैन । तीन चार वर्ष घाटा खाएका किसान फेरि घाटामा परिन्छ भन्ने डरले कुखुरा पाल्न सकेका छैनन् ।" बजारको माग अनुसार उत्पादन नहुँदा देशभर कुखुराको मासुको अभाव भएको उनले जानकारी दिए । "ह्याचरी र दाना उद्योगबाट किसानले एक दुई महीनाका लागि उद्यारो पाउने गर्थे"–उनले भने–"अहिले नगदविना कारोबार हुन छाड्यो, त्यस कारण पनि किसानले कुखुरा पाल्न सक्ने अवस्था छैन ।" अहिले व्यावसायिकरूपमा स्थापना गरिएको ठूला फर्मले मात्र कुखुरा पालेको उपाध्यक्ष पोखरेलले बताए ।

उनले सरकारले किसानको मनोबल उच्च बनाउने योजना र कार्यक्रम ल्याउन नसके पोल्ट्री क्षेत्र थप धराशायी बन्ने बताए । आर्थिक मन्दिलगायत कारणले नेपालमा कुखुराको मासु उत्पादन र खपत दुवै घटेको नेपाल कुखुरा व्यवसायी मञ्चका कार्यकारी अधिकृत शिव बरालले जानकारी दिए ।

दैनिक १० लाख केजी कुखुराको मासु उत्पादन हुने गरेको नेपालमा अहिले घटेर दैनिक ६ लाख केजी मात्र हुने गरेको उनको भनाइ छ । उनले नेपालमा मासुको उत्पादनसँगै खपत पनि घटेको बताए । कुखुरा व्यवासयमा लागे ३० हजार किसानमध्ये आधा घटेको उनले बताए ।

"साना/ठूला सबै फर्म धराशायी छन्, यो अवस्थामा कहिलेसम्म धानिने हो"–उनले भने । नेपाल कुखुरा बजार व्यवसायी सङ्घका अध्यक्ष कृष्णहरि लोहनीले देशभर मासु अभाव रहेको बताए । चालीस दिनमा दुई किलोदेखि दुई किलो पाँच सय ग्रामसम्म हुने कुखुरा अहिले एक किलो पाँच सय ग्राम मात्र हुने गरेको बताए । "गर्मीका कारण पनि यो समयमा कुखुराको वजन राम्रो हुँदैन । वजन राम्रो नहुँदा किसानलाई घाटा पर्छ । त्यसकारण पनि किसानले कुखुरा पालेका छैनन"–उनले भने" । नेपालमा भारतबाट लुकाइछुपाई कुखुरा ल्याउने गरिएको छ । अहिले सीमा क्षेत्रमा कडाइ गरिएका कारण पनि त्यसरी ल्याइने कुखुरा नआएको लोहनीले बताए ।

अहिले ब्रोइलर कुखुराको किसानको खोर मूल्य रु २८० देखि ३०० रहेको छ । बजारमा उपभोक्ताले किन्दा ४८० देखि ५०० सम्म पर्ने गरेको छ । काठमाडौं, पोखरालगायत बजारमा ब्रोइलर कुखुरा खपत गर्ने चितवनलाई आफ्नै जिल्लाको उत्पादनले पुगिरहेको छैन । यहाँ पनि अन्य जिल्लाबाट कुखुरा ल्याउन थालिएको छ । भरतपुरको सिनर्जी मिट सप्लायर्सका सञ्चालक सुमन जोशी एक महीनादेखि कुखुराको अभवा भए पनि पछिल्लो एक सातादेखि अभाव झन् बढेको बताउँछन् ।

उनले ब्रोइलर कुखुरा नपाउँदा बिहान पसल खोलेर बेलुका बन्द गर्नुपरेको

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## समृद्धिका लागि सुरुङमार्ग

अर्थ-उद्योग-वाणिज्य

शीतल महतो
shitalmahato@gmail.com

**नेपालजस्तो भौगोलिक विषमता भएको मुलुकमा सुरुङमार्ग वरदान साबित हुनेमा दुईमत छैन । अबको युग सुरुङमार्गको पनि भनिन्छ । तैपनि खाली भाषण र प्रक्रियामैं सीमित यस्ता विकासे कामले जनउत्साह बढाउन सक्दैन । विसं २०६९ सालमा सरकार तथा नेपाल पूर्वाधार विकास कम्पनी लिमिटेडबीच सुरुङमार्ग निर्माणसम्बन्धी सम्झौता भयो ।**

नेपाल भूपरिवेष्टित र सीमित पूर्वाधार विकास भएको मुलुक हो । जस कारण छिमेकी राष्ट्रमाथिको अत्यधिक आर्थिक र व्यापारिक निर्भरताले नेपालको निर्यात बजारको आकार, गति र संरचना दिगो रूपमा विकसित हुन सकेको छैन । निर्यात व्यापारको विकास तथा विस्तारबाट नै उपयुक्त एवं नयाँ प्रविधि उपलब्ध हुने, गार्हस्थ्य उत्पादनमा विशिष्टीकरण, उत्पादनमा गुणात्मक एवं परिणात्मक वृद्धि तथा रोजगार र आयआर्जनमा वृद्धि भई समग्रमा यसले आर्थिक विकासको उच्च वृद्धिदर हासिल गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । त्यसैले हाम्रोजस्तो विकासोन्मुख राष्ट्रले मुलुकको आर्थिक रूपान्तरणका लागि वैदेशिक व्यापारलाई आर्थिक विकासको मेरुदण्डको रूपमा लिने गरेका छन् । सीमित आन्तरिक बजारले गर्दा वैदेशिक व्यापारको विकास एवं विस्तारबाट गरीबी निवारणमा ठूलो सहयोग पुग्ने तथा आर्थिक विकासले समेत अपेक्षित गति लिन सक्ने हुँदा वैदेशिक व्यापारलाई आर्थिक रूपान्तरणको एउटा सशक्त माध्यमको रूपमा नेपालले स्वीकार गरिसकेको छ ।

नेपालको निकासी व्यापार प्रवर्द्धन र प्रतिस्पर्धी हुन नसक्नुका विविध कारणमध्ये व्यापार सहजीकरणको मुद्दा सशक्तरूपमा अगाडि आएको देखिन्छ । व्यापार सहजीकरणका लागि आयात र निर्यातलाई अन्तर्राष्ट्रिय बजारसम्म पहुँचमा अभिवृद्धि दिनुपर्ने हुन्छ । यतिखेर उद्योगी, व्यवसायी र आम नेपाली जनतामा सरकारले मुलुकको आर्थिक तथा सामाजिक रूपान्तरण गर्नेछ भन्ने विश्वास पलाएको छ । त्यसैले अबको हाम्रो लक्ष्य भनेको सङ्घीयता कार्यान्वयनबाट समृद्ध र समुन्नत नेपालको निर्माण गर्नु हो । सङ्घीयता त्यति बेला प्रभावकारी हुन्छ, जब राज्यका तीनै तहमा स्रोत तथा साधनको उपयुक्त पहुँच र अधिकार सुनिश्चित हुन्छ । यसका लागि ठूल्ठूला पूर्वाधार निर्माणका अवसरहरूलाई सबै प्रदेशमा विस्तार गर्नुपर्छ ।

हाम्रोजस्तो भौगोलिक विषमता भएको मुलुकमा विकास र समृद्धिका लागि सुरुङमार्ग कोसेढुङ्गा साबित हुनेमा कुनै शङ्का छैन । विगत पाँच दशकदेखि नेपालले सुरुङमार्गको सपना देख्दै आएको छ । तर अहिलेसम्म नेपालीको त्यो सपना पूरा हुन सकेको छैन । हुनत सरकारले सुरुङमार्ग बनाउने औपचारिक चर्चा थालेको दशकौं भइसकेको छ । यसै सन्दर्भमा ‘काठमाडौं–हेटौंडा सुरुङमार्ग’को अवधारणा आएको पनि वर्षौं भइसकेको छ । तर हालसम्म यो अवधारणाले मूर्तरूप लिन सकेको छैन । बाग्मती प्रदेश सरकारले हालै काठमाडौं–हेटौंडा सुरुङमार्ग आफैं बनाउने प्रतिबद्धता व्यक्त गरेपछि यो योजना फेरि एकपटक चर्चामा आएको छ । प्रदेशकै गौरवको योजनामा परेकोले अबको दुई वर्षभित्रै सुरुङबाट काठमाडौं–हेटौंडाको यात्रा गर्न सकिने कथनीले के कस्तो रूप देखाउने हो ? अहिल्यै यसै भन्न सकिंदैन । हुनत ‘काठमाडौं–हेटौंडा सुरुङमार्ग’ निकै अघिदेखि नारा, भाषण, नीति तथा कार्यक्रममा पर्दै आएको हो, पहल पनि भएकै हो तर गफ बढी काम ठ्याम्मै नहुने परिपाटीले यो जहिले पनि काल्पनिक ‘ललिपप’ भन्दा फरक साबित हुन सकेन ।

झन्डै पाँच दशक अघिदेखि सुरुङमार्गको सपना बुनिएको थियो । काठमाडौंलाई दक्षिणी सीमा रक्सौलसँग छोटो दूरीबाट जोड्ने मार्गका सम्बन्धमा ठाउँ–ठाउँमा सुरुङ बनाउनुपर्ने आवश्यकता विसं २०२८ सालमा नै औंल्याइएको थियो । त्यतिखेर सरकार तथा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी)को संयुक्त प्रयासमा इटालीको इन्जिनीयरिङ कम्पनी कोआलमाबाट ‘काठमाडौं–रक्सौल करिडर’को सम्भाव्यता अध्ययनपश्चात् प्रस्तुत गरिएका पाँच विकल्पमध्ये ठाउँ–ठाउँमा सुरुङ बनाउनुपर्ने, दुईवटा मार्गलाई उपयुक्त ठहऱ्याइएको थियो । काठमाडौं–कालिमाटी–फर्पिङ–कुलेखानी–भैंसे–हेटौंडा–सिमरा–वीरगंज १२४ किलोमिटरको एउटा मार्ग थियो भने अर्को काठमाडौं–टेकु–खोकना–ताकलनाथ–माल्टा–बाग्मती–कर्रा–हेटौंडा–वीरगंज हुँदै रक्सौल पुग्ने १३२ किलोमिटरको अर्को मार्ग थियो । त्रिभुवन राजपथको विकल्पमा सुरुङमार्गसहित प्रस्तावित यी मार्गको कार्यान्वयन अहिलेसम्म हुन सकेको छैन ।

सुरुङमार्गको औचित्य अनुभव गरिएकोले ‘काठमाडौं–भीमफेदी–कुलेखानी–हेटौंडा’ सुरुङ मार्ग निर्माणको आवश्यकता विगत लामो समयदेखि औंल्याइँदै आएको थियो । विसं २०४८ तिर जापानी टोली (इन्टरनेशनल इन्जिनीयरिङ कन्सल्टेन्सी एशोसिएशन)ले सम्भाव्यता अध्ययन गरी त्यसको दोस्रो वर्ष अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)बाट प्रारम्भिक सर्वेक्षण भई फिनल्यान्डको टोलीबाट सम्भाव्यता अध्ययनका लागि कामसमेत बढाएको थियो । कुल ५० किलोमिटर लामो प्रस्तावित सुरुङमार्गमा काठमाडौं–थानकोटबाट चन्द्रागिरीको फेदीसम्म झन्डै डेढ किलोमिटर सतही मार्ग, त्यहाँबाट चित्लाङ निस्कने ३.४ किलोमिटरको पहिलो सुरुङ, मार्खुसम्म सतही मार्ग, मार्खुमा करीब छ सय मिटरको सुरुङ, कुलेखानी–चीसापानी गढीको फेदीसम्म केही किलोमिटर सतही मार्ग, अनि ३.२ किलोमिटर सुरुङमार्ग निर्माण गरी भीमफेदी निस्किएर पान्द्राङसम्म सतही मार्ग र भीमफेदीबाट हेटौंडाका लागि चल्तीकै सतही मार्ग रहने अवधारणा ल्याइएको थियो । काठमाडौं–हेटौंडाको दूरी एक घण्टामैं पूरा गर्न सकिने भएकोले सुरुङमार्ग जोसुकैका लागि पहिलो प्राथमिकता बन्न पुगेको थियो । कागजी प्राथमिकता र विकासको उडानमा पनि यसले ठाउँ नपाएको होइन, तर यथार्थको धरातलमा यसले सार्थकता पाउन सकेको छैन ।

नेपालजस्तो भौगोलिक विषमता भएको मुलुकमा सुरुङमार्ग वरदान साबित हुनेमा दुईमत छैन । अबको युग सुरुङमार्गको पनि भनिन्छ । तैपनि खाली भाषण र प्रक्रियामैं सीमित यस्ता विकासे कामले जनउत्साह बढाउन सक्दैन । विसं २०६९ सालमा सरकार तथा नेपाल पूर्वाधार विकास कम्पनी लिमिटेडबीच सुरुङमार्ग निर्माणसम्बन्धी सम्झौता भयो । ‘पिपिपी’ (पब्लिक, प्राइभेट पार्टनरशिप/सार्वजनिक, निजी साझेदारी) मोडलमा सुरुङमार्ग निर्माण हुने, मार्ग निर्माण भएपछि ४५ मिनेटमैं काठमाडौं–हेटौंडा पुग्न सकिने, बर्सेनि १५ अर्ब मूल्य बराबरको पेट्रोलियम पदार्थ बचत हुने, ३० वर्षसम्म निर्माण कम्पनीले मार्ग सञ्चालन गर्ने, मोटरसाइकलका लागि १६० तथा ठूला गाडीका लागि तीन हजार रुपियाँसम्म शुल्क उठाउने, चार वर्षभित्र सुरुङमार्ग तयार हुने र सन् २०१६ डिसेम्बर महीनामा ५८ किलोमिटरको यो सुरुङमार्गबाट काठमाडौं–हेटौंडाको यात्रा गर्न सकिने दाबी गरिएको थियो । तर लगानी गर्ने, गराउने, अंशियारलगायत सबैको आशा निराशामा बदलिएको थियो ।

यो कम्पनीले ‘काठमाडौं–कुलेखानी–हेटौंडा’ सुरुङमार्ग निर्माण गर्न चीनको ‘पावर कम्पनी चाइना’सँग लगानी, निर्माण, व्यवस्थापन आदिका लागि सन् २०१७ मा सम्झौता पनि गरेको थियो । सो कम्पनीले २०१८ जनवरीमा प्राविधिक प्रस्तावसमेत प्रस्तुत गरिसकेको र यसमा चीनको ९५ प्रतिशत लगानी रहने खबर पनि प्रवाह भएको थियो । पूर्वाधार कम्पनीलाई सुरुङमार्ग निर्माणका लागि सन् २०२२ सम्म म्याद थप पनि गरिएको थियो । तर कागजी प्रक्रियाबाहेक भौतिक कार्य शुरू गर्न नसकेको सो कम्पनीलाई पछि विघटन नै गर्नुपऱ्यो ।

बिआरआई (बेल्ट एन्ड रोड इनिसिएटिभ)सम्बन्धी बेइजिङमा आयोजित दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनका बखत यो सुरुङमार्गसम्बन्धी छलफल हुँदा चाइना पावर कम्पनीले लगानीका लागि उत्सुकता देखाएको थियो । यस अर्थमा सुरुङमार्ग निर्माणमा चिनियाँ कम्पनी व्यग्र रहेको देखिन्छ । यसलाई सकारात्मकरूपमा लिन सकिए पनि लागत, लगानी तथा प्रतिफलका हिसाबले गम्भीर अध्ययन पनि जरुरी छ ।

विसं २०४८ सालतिर झन्डै छ अर्ब ६० करोडको लागत अनुमान गरिएको सुरुङमार्ग निर्माणमा कति खर्च हुने हो ? यसबारे अध्ययन हुन जरुरी छ । काठमाडौं–हेटौंडाको दूरी त्रिभुवन राजपथ (बाइरोड)बाट १३० किमी, मुग्लिन हुँदै जाँदा २२० किमी, फर्पिङ, कुलेखानीबाट ८० किमी र गढी, ठिंगनबाट ९० किमी लागिरहेको अवस्थामा ५८ किमीको सुरुङमार्ग विचारणीय छ । छोटो दूरीको काठमाडौं–कुलेखानी–हेटौंडा मार्गमा भीमफेदी–कोगटे–सिस्नेरीबजारतर्फ सडक निर्माण गर्दा पाँच किमी मार्ग छोटयाउन सकिने वस्तुस्थितिले कान्ति लोकपथ घटाउन सकिन्छ कि भन्ने सोच जगाएको थियो ।

यसरी बाग्मती प्रदेशको मात्र नभई सिङ्गो मुलुकको आर्थिक समृद्धिका प्रमुख आधारका रूपमा रहेको सुरुङमार्ग निर्माणका लागि आम जनताको आवाज उठ्नुपर्दछ । किनभने सुरुङमार्गबाट ढुवानी गर्दा अवश्य नै निर्यात वस्तुको लागत कम हुन जान्छ । व्यापारघाटा हुनुमा ढुवानी लागत पनि एक प्रमुख कारण हो । सुरुङमार्गले नेपालको निकासी बढाउनेमा दुईमत छैन । त्यसैले सुरुङमार्ग निर्माणका लागि सङ्घीय, प्रदेश र स्थानीय सरकार तथा निजी क्षेत्रबीच उच्चस्तरको सहयोग, सहकार्य र समन्वयका साथ अगाडि बढ्नुपर्दछ ।

## ‘साइबरक्राइम’ र ‘चेक बाउन्स’ मुद्दा जिल्लाबाट हुँदा पीडितलाई सहज

काठमाडौं, ७ असार/रासस

अब साइबरक्राइम र चेक बाउन्सका मुद्दा जिल्ला अदालतबाटै किनारा लाग्ने भएको छ । सरकारले सीमित अदालतले हेर्दै आएको मुद्दामा जिल्ला अदालतमैं शुरू, कारबाई र किनारा हुनेगरी निर्णय गरेपछि उक्त मुद्दाका काम, कारबाईमा पीडित तथा सम्बद्ध अधिकारीका लागि सहज बनेको छ ।



नेपाल प्रहरीले सरकारले गरेको निर्णयले पीडितको सास्ती कम हुने र प्रहरीलाई पनि होलो हुने बताएको छ । उच्च अदालत पाटनले पनि चेक ‘बाउन्स’को मुद्दा जिल्लामा जाने भएपछि धेरै होलो हुने जनाएको छ । उच्च अदालत पाटनका उपरजिस्ट्रार एवं प्रवक्ता मन्दिरा शाहीले उच्च अदालतमा चेक बाउन्सका मुद्दा करीब ८५ प्रतिशत आउने गरेको बताइन् । अब यो मुद्दा जिल्लामा जाने भएपछि उच्च अदालतलाई धेरै होलो हुने उनले बताइन् ।

यही असार ५ गते बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको हो । विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा (५) बमोजिम सोही ऐनको परिच्छेद, ९ मा उल्लेख भए बमोजिमका कसूरको शुरू कारबाई र किनारा गर्ने अधिकार तथा बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा १७ को उपदफा (१) बमोजिम सोही ऐनको दफा ३ को खण्ड (ग) बमोजिमको कसूरको शुरू, कारबाई र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई तोक्नेगरी यही ५ गतेको मन्त्रिपरिषद् बैठकले निर्णय गरेको हो ।

उक्त निर्णयसँगै अब काठमाडौं जिल्ला अदालतमा मात्रै हेरिंदै आएको साइबर अपराधको मुद्दा हरेक जिल्ला अदालतले हेर्न पाउने छ । यस्तै उच्च अदालतले मात्रै हेर्दै आएको चेक बाउन्सको मुद्दा पनि जिल्ला अदालतको क्षेत्राधिकारभित्र परेको छ । अब उक्त मुद्दा दर्ता गर्न उच्च अदालत र काठमाडौं जिल्ला अदालतमा धाउनुपर्ने बाध्यता हटेको छ । यसले उच्च अदालत र काठमाडौं जिल्ला अदालतलाई मुद्दाको चाप कम पर्नेछ भने पीडित तथा प्रहरीलाई सीमित क्षेत्रमा धाइरहनुपर्ने समस्या कम भएको छ ।

यस अघि कुनै जिल्लामा साइबर अपराधको मुद्दा दर्ता गर्न काठमाडौं जिल्ला अदालत नै आउनुपर्ने बाध्यता थियो । यसका लागि प्रहरीको साइबर ब्युरोमार्फत मुद्दाको अनुसन्धान हुने गर्दथ्यो । अब मन्त्रिपरिषद्को उक्त निर्णयपछि सर्वसाधारण साइबर अपराधका मुद्दामा काठमाडौं आउनुपर्ने सास्तीबाट मुक्त भएका छन् ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले उक्त निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिएकी हुन् । बैंकिङ कसूर ऐनको दफा ३ (ग) मा ‘आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटिदिने’ भन्ने वाक्य रहेको छ । त्यो भनेको चेक बाउन्सको मुद्दा हो । उक्त मुद्दा उच्च अदालतमा मात्रै हेरिंदै आएको थियो । मन्त्रिपरिषद्को उक्त दफा तोकेरै निर्णय गरेसँगै अब चेक बाउन्सको मुद्दा जिल्ला अदालतबाटै शुरू, कारबाई र किनारा हुनेछ ।

यस अघि साइबर अपराधका मुद्दा काठमाडौं जिल्ला अदालतबाटै चल्ने गर्दथ्यो । यसले साइबर ब्युरोलाई पनि बढी दबाब थियो भने नागरिक मुद्दा चलाउन ठूलो सास्ती बेहोरेर काठमाडौं आउनुपर्ने बाध्यता थियो ।

जिल्ला अदालतबाट शुरू, कारबाई र किनाराको व्यवस्था भएपछि त्यो ब्युरोलाई पनि होलो हुने र जिल्लाबाट मुद्दा चल्ने हुँदा नागरिकले पनि सास्ती खेप्नु नपर्ने साइबर ब्युरोका प्रहरी उपरीक्षक पशुपतिकुमार रायले बताए । एकै ठाउँमा मुद्दा चल्दा बढी सास्ती हुने र अनुसन्धानमा समेत समस्या हुँदै आएको ब्युरोले जनाएको छ ।

चेक बाउन्सको विषय उच्च अदालतमा मात्रै चल्ने गरेकोमा अब मन्त्रिपरिषद्को निर्णयले जिल्लामैं मुद्दा दर्ता गर्न पाउने व्यवस्था भएपछि उच्च अदालत धाउनुपर्ने समस्या टरेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्कीले बताए ।

उनले भने–“एउटा प्रदेशमा एउटा उच्च अदालत हुन्छ, टाढाको जिल्लाको मान्छे प्रदेश जान गाह्रो हुन्छ, प्रहरीलाई पनि अनुसन्धान गर्नुभन्दा जान र आउन मात्रै समय जान्थ्यो, अब सबै जिल्लाबाट चल्ने भएपछि त्यो समस्या हटेको छ ।”

उनका अनुसार पछिल्लो समय चेक बाउन्सका मुद्दा धेरै दर्ता हुने गरेको छ । यसले प्रहरी कार्यालयलाई पनि मुद्दाको अनुसन्धानमा चाप हुँदै आएको छ । जिल्ला अदालतले मुद्दा नहेर्दा उच्च अदालत जानुपर्ने अवस्था थियो । सो कारण उच्च अदालतमा समेत मुद्दाको चाप बढी हुने गरेको थियो ।

## नेप्से परिसूचक चार दशमलव ७५ अङ्कले उकालो लाग्यो

काठमाडौं, ७ असार/रासस

शेयर कारोबार हुने साताको अन्तिम दिन बिहीवार धितोपत्र बजारमा कारोबार मापक नेप्से परिसूचक झिनो अङ्कले उकालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक चार दशमलव ७५ अङ्कले उकालो लागेर दुई हजार ५५ दशमलव ५३ मा पुगेको छ ।




ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ३० अङ्कले ओरालो लागेर ३८५ दशमलव ८१ मा सीमित भएको छ । कारोबार भएका कुल १३ उपसमूहमध्ये चार उपसमूहको शेयर मूल्य उकालो लागेको छ भने नौ उपसमूहको शेयर मूल्यमा ओरालो लागेको छ ।

कुल ८० लाख आठ हजार २४६ कित्ता शेयर रु तीन अर्ब ४४ करोड ४८ लाख ६२ हजार ५०१ मूल्यमा खरीद–बिक्री भएका छन् । नेप्सेका अनुसार सोल्टी होटल शीर्ष स्थानमा छ । सो कम्पनीको रु २९ करोड ६३ लाख ८२ हजार ७३८ बराबरको कारोबार भएको छ ।

हिमालयन डिस्टिलरी रु १५ करोड दुई लाख ७६ हजार १८७, शिवम् सिमेन्ट रु १४ करोड ७५ लाख ४२ हजार १८३, आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स रु १३ करोड २३ लाख ५४ हजार ७८७ र नागरिक लगानी कोष रु १२ करोड ५४ लाख ६१ हजार बराबरको कारोबार भई शीर्ष पाँचमा परेका छन् ।

नेप्सेका अनुसार तारागाउँ रिजेन्सी होटल, ओरियन्टल होटल, कालीञ्चोक दर्शन, बिपिडब्ल्यू लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भएको छ । यस्तै, सिटी होटलका लगानीकर्ताले नौ दशमलव ९८ प्रतिशतले कमाएका छन् । सिटिजन म्युचुअल फन्ड पहिलो आठ दशमलव ४१, इनगवा हाइड्रोपावर सात दशमलव ५३, नेस्डो समृद्धि लघुवित्त सात दशमलव १८, कालिका पावर कम्पनी छ दशमलव ९१ र एनआइबिएल ग्रोथ फन्डका लगानीकर्ताले पाँच दशमलव ४६ प्रतिशतले गुमाएका छन् ।

## तरकारी र फलफूलमा ‘भ्याट’ नलगाउन माग

काठमाडौं, ७ असार/रासस

उपभोक्ताहित सरोकारसँग सम्बन्धित संस्थाले नयाँ बजेटमा आयातित तरकारी, फलफूल र खाद्य वस्तुमा उपभोक्तालाई १३ प्रशित भ्याट लगाउने नीति खारेज गर्न माग गरेका छन् ।

ती संस्थाले उपभोक्तालाई आर्थिक भार पर्ने नीतिको विरोध गर्दै हाल आलुप्याजलगायत सामानको आयातमा भन्सार बिन्दुमैं नौ प्रतिशत कृषि सेवा शुल्क, अग्रिम आयकर १.५ र १३ प्रतिशत भ्याट थप हुँदा यस्ता वस्तुमा २३.५ प्रतिशत कर लाग्ने भएको जनाएका छन् ।

सरकारको नीति तथा कार्यक्रम, बढ्दो महँगी, अनियन्त्रित बजार र उपभोक्ता अधिकारका विषयमा आज पत्रकार भेटघाट गरी ती संस्थाले बजार अनुगमनका लागि तीनै तहका सरकारी संयन्त्रलाई प्रभावकारी बनाउन माग गरेका छन् ।

उपभोक्ता हित संरक्षण मञ्च नेपालका अध्यक्ष ज्योति बानियाँ, राष्ट्रिय उपभोक्ता मञ्चका उपाध्यक्ष पुष्पराम पौडेल र उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाद्वारा प्रेस विज्ञप्तिमा कृत्रिम अभाव, मूल्यवृद्धि, एकाधिकार र ‘कार्टेलिङ’ गरी गुणस्तरहीन वस्तु र सेवाको बिक्री, भ्रमपूर्ण विज्ञापन, मूल्य र नापतौल ठगी तथा स्वच्छ प्रतिस्पर्धाविरुद्ध कार्यलाई कडाइका साथ नियन्त्रण गर्न माग गरिएको छ । विज्ञप्तिमा उपभोक्ताको गुनासो चौबीसै घण्टा सुनुवाई हुनेगरी बजार अनुगमन कार्यलाई दैनिक निरन्तर र प्रभावकारी बनाउन पनि आग्रह गरिएको छ ।

# वैदेशिक सहयोगसमेत खर्च भएन

-नारायण न्यौपाने

काठमाडौं, ७ असार/रासस

प्रदेश र स्थानीय तहले आवश्यक चासो र ध्यान नपुऱ्याएका कारण लोकतान्त्रिक पद्धति सुदृढीकरण र शासकीय सुधार क्षमता अभिवृद्धि कार्यक्रमका लागि प्राप्त वैदेशिक सहयोगको ठूलो अंश खर्च नभएको तथ्य सार्वजनिक भएको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मातहत सञ्चालनमा रहेको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (पिएलजिएसपी) को ठूलो रकम खर्च हुन नसकेको हो । आर्थिक वर्ष २०७६–७७ देखि २०७९–८० सम्म उक्त कार्यक्रम सञ्चालनका लागि रु १४ अर्ब ९५ करोड रकम व्यवस्थापन गरिएकोमा गत चैतसम्म रु तीन अर्ब २३ करोड ८७ लाख मात्र खर्च भएको राष्ट्रिय कार्यक्रम निर्देशक व्यवस्थापक भूपेन्द्र सापकोटाले बताए । प्रदेश तथा स्थानीय सहयोग कार्यक्रम सङ्घीय सुशासनमा केन्द्रित सरकारको मुख्य राष्ट्रिय कार्यक्रम हो ।

मुलुक आर्थिक सङ्कटको चुनौतीसँग जुधिरहेको बेला वैदेशिक सहयोगमा सञ्चालित कार्यक्रमका लागि प्राप्त अनुदानसमेत खर्च हुन नसक्नुलाई प्राथमिकता प्राप्त कार्यक्रममैं तीन तहकै सरकारको आवश्यक चासो र ध्यान नपुगेको घटनाको रूपमा हेरिएको छ ।

लक्षित कार्यक्रम सञ्चालनका लागि कतिपय प्रदेश र स्थानीय तह तोकिएको समयमा सहयोग लिन नआएका, केहीले सहयोग लिएर पनि सही प्रयोग नगरेका कारण अनुदान बेरूजु हुन पुगेको छ ।

कानून मस्यौदा तर्जुमा, अन्तर–सरकारी संयन्त्र स्थापना, सार्वजनिक वित्त व्यवस्थापन, विद्युतीय सुशासन र जवाफदेह तुल्याउन क्षमता अभिवृद्धि गराउने अर्थात् खासगरी प्रदेश र स्थानीय तहमा संस्थागत संरचना सुदृढ तुल्याउने सन्दर्भमा कार्यक्रम लक्षित छ ।

प्रदेश र स्थानीय दुवै तहमा जनप्रतिनिधि, संरचना र त्यहाँ काम गर्ने जनशक्ति नयाँ भएकाले सबै पक्षमा क्षमता अभिवृद्धि गर्ने कार्यक्रमको उद्देश्य हो । उक्त कार्यक्रमका लागि सरकारबाट रु तीन अर्ब ४५ करोड र संयुक्त राष्ट्रसङ्घ, युरोपियन युनियन, नर्वेलगायत नेपालका विकास साझेदार संस्थाबाट रु ११ अर्ब ५० करोड अनुदान उपलब्ध छ । सो रकममध्ये सङ्घीय सरकारलाई रु एक अर्ब ८९ करोड ७५ लाख, प्रदेशलाई रु सात अर्ब २२ करोड २० लाख र स्थानीय तहका लागि रु पाँच अर्ब ८३ करोड पाँच लाख बजेट व्यवस्थापन गरिएको थियो ।

कार्यक्रमले नयाँ संरचनाका लागि आवश्यक ऐन तथा नीति निर्माण, अन्तर–सरकारी संयन्त्र सबलीकरण, सार्वजनिक वित्त व्यवस्थापन सुदृढीकरणसहित १४ वटा उपलब्धिको अपेक्षा गरे पनि खास गरी संविधान अनुरूप सङ्घीय शासन प्रणालीलाई टेवा पुग्नेगरी सबै तहका सरकारी निकाय र अन्तरसरकारी संयन्त्रलाई पूर्ण क्रियाशील बनाइने लक्ष्य राखेको छ ।

त्यस्तै प्रदेश र स्थानीय तहमा दक्ष, प्रभावकारी, समावेशी र उत्तरदायी संस्थागत संरचना तयार गरिने तथा कार्यक्रम कार्यान्वयनसँगै निर्वाचित जनप्रतिनिधि र कर्मचारीबाट सेवा प्रवाह प्रभावकारी हुने अपेक्षा छ । मन्त्रालयका सचिवको अध्यक्षतामा बसेको राष्ट्रिय कार्यान्वयन समिति र राष्ट्रिय वित्तीय जोखिम परामर्श उपसमितिको पछिल्लो बैठकले कार्यक्रमको हालसम्मका उपलब्धि, लक्षित नतीजा हासिल गर्न गरिएका प्रयासको समीक्षा गर्दै आगामी दिनमा कार्यक्रमलाई थप नतीजामुखी तुल्याउन हरसम्भव प्रयास गर्ने अठोट लिएको छ ।

सातौं बैठकका निर्णय कार्यान्वयन र भावी कार्ययोजना, चालू अवधिको प्रगति विवरण, आगामी आवका लागि प्रस्तावित बजेट कार्यक्रम र तेस्रो पक्षबाट प्रस्तुत अनुगमन मूल्याङ्कन प्रतिवेदनमा सो अवसरमा विस्तृत एवं गहन छलफल भएको व्यवस्थापक सापकोटाले बताए ।

कार्यक्रम कार्यान्वयनको अवधि समाप्त हुन लागे पनि सहयोग रकमको ठूलो अंश खर्च नभएको परिप्रेक्ष्यमा आगामी एक वर्षलाई सङ्क्रमणकालीन वर्षका रूपमा अघि बढाउने र त्यसपछि सरोकारवाला पक्षसँग बृहत छलफल गरेर नयाँ कार्ययोजना र ढाँचा निर्क्योल गरिने बताइएको छ ।

कार्यक्रमले लैङ्गिक समानता र सामाजिक समावेशिता, नवप्रवर्तन साझेदारी केन्द्र स्थापना र नागरिक सहभागिता अभिवृद्धिमा समेत दुवै तहका सरकारलाई सहयोग पुऱ्याउँदै आएको छ । उक्त कार्यक्रमले प्रदेश र स्थानीय तहमा सङ्घीयताको संस्थागत विकास र सुदृढीकरणाका लागि सहकारी सङ्घीयताको भावना अनुरूप साझा संरचना प्रदान गर्दै आएको छ । कार्यक्रम सङ्घ, प्रदेश तथा स्थानीय तहको संस्थागत, सङ्गठनात्मक र व्यक्तिगत क्षमता विकासमा केन्द्रित छ ।

कार्यक्रम कार्यान्वयन भएपछि प्रदेश तथा स्थानीय सरकार क्रियाशील, दिगो, समावेशी र जवाफदेह भई सञ्चालन हुने लक्ष्य निर्धारण गरिएको छ । उक्त कार्यक्रमबाट दुवै तहको शासन प्रणाली र प्रक्रिया एवं अन्तरसरकारी सम्बन्ध सुदृढ भई नागरिकका लागि लाभ प्राप्त गर्ने अपेक्षा गरिएको छ ।

चालू अवधिमा सङ्घीय निकायबाट प्रदेश तथा स्थानीय तहका लागि धेरै नमूना कानून र निर्देशिका निर्माण गरिएका छन् भने स्थानीय र प्रदेशमा राजस्व सुधार र क्षमता विकास तथा अवधिक योजना तयारजस्ता कार्यक्रम उद्देश्य प्राप्ति गर्ने ढङ्गबाट अघि बढेको जानकारी दिइयो ।

ऐन, कानून, निर्देशिका तर्जुमा तथा योजना तयार, सुशासन प्रवर्द्धन, वित्तीय प्रणाली सुधार, सूचना प्रविधि सबलीकरण, क्षमता अभिवृद्धि कार्यक्रम, नवप्रवर्तन साझेदारी कोषलगायत विषयसँग सम्बन्धित ७१ हजार जनशक्तिलाई क्षमता अभिवृद्धि तालीम प्रशिक्षण प्रदान गरिएको उपसचिव सापकोटाले जानकारी दिए ।

# लाओसमा बन्धक बनाएर जबरजस्ती ‘क्रिप्टो’ कारोबारमा

काठमाडौं, ७ असार/रासस

चिनियाँ नागरिकसँग मिलेर नेपालको एउटा समूहले नेपालीलाई लाओस पुऱ्याई बन्धक बनाएर जबर्जस्ती अनलाइन स्क्यामिङमार्फत क्रिप्टोकरेन्सी तथा शेयर कारोबारमा संलग्न गराएको पाइएको छ । उनीहरूले दुईजना नेपालीलाई गत मङ्सिरमा काठमाडौंबाट कोलकाता, थाइल्यान्ड हुँदै लाओसको बोया प्रोभिन्सस्थित गोल्डेन ट्र्याङ्गलमा रहेको स्पेशल इकोनोमिक जोनमा पुऱ्याई बन्धक बनाएर अनलाइन लभ स्क्यामिङ ट्र्यापमा पारी जबर्जस्ती क्रिप्टो कारोबारमा संलग्न गराएको पाइएको प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोले जानकारी दिएको छ ।

ब्युरोका अनुसार पीडित दुई व्यक्तिले लाओसमा रहेको नेपाली कन्सुलर कार्यालयको सहयोगमा पाँच महीनापछि गत वैशाखमा छुटेर फर्केपछि दिएको जाहेरीका आधारमा दुईजना पक्राउ गरी अनुसन्धान थालिएको ब्युरोका प्रहरी उपरीक्षक कृष्णप्रसाद पङ्गेनीले जानकारी दिए । उक्त घटनामा संलग्न रहेको आरोपमा ब्युरोले कालिकोट घर भई हाल काठमाडौंको नागार्जुन बस्ने वर्ष २५ का पद्म नेपाली र नुवाकोट घर भई गोकर्णेश्वर बस्ने ३८ वर्षका श्यामकुमार तामाङलाई पक्राउ गरेको छ । उनीहरूविरुद्ध अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान थालिएको ब्युरोले जानकारी दिएको छ ।

पद्म नेपाली भने लाओस, कम्बोडिया, म्यान्मालगायत देशमा चाइनिज भाषाको ट्रान्सलेटरको रूपमा काम गर्दै आएका र सोही क्रममा चाइनिजसँग मिलेर उक्त अवैध कारोबारमा संलग्न रहेको पाइएको छ । उनले युवाहरूलाई आकर्षक रोजगार पाइने लोभ देखाएर लाओस पुऱ्याएका खुल्न आएको छ । त्यहाँ पुऱ्याएपछि त्यो गिरोहले फेसबूक, ह्वाट्सएपमा फेक आइडी बनाएर अपरिचित व्यक्तिहरूसँग चिनजान गरी मन जितेर उनीहरूलाई फसाउन परिचालन गर्ने गरेको पाइएको छ । नेपाल, थाइल्यान्ड, भियतनाम, म्यान्मा, लाओस, दुबईजस्ता देशमा चिनियाँ कम्पनीले नेपाललगायत देशबाट आकर्षक रोजगारको लोभ देखाई बेरोजगार युवाहरूलाई प्रयोग गरेर अनलाइन स्क्यामिङमार्फत, विशेषगरी अमेरिका–युरोपका नागरिकलाई लक्षित गरी ठगी गर्ने गरेका थिए ।

पीडितलाई उनीहरूले नेपालबाट लाओस पऱ्याउनका लागि लागेको रु आठ लाख फिर्ता गरेपछि मात्र नेपाल फर्काउने भनेर मानसिक यातना दिएको पाइएको र यसमा चिनियाँ र नेपालीको संलग्नता रहेको ब्युरोले जनाएको छ ।



**व्यावसायिक मौरीपालनः** मौरी चरनका लागि गुरुवागाउँमा ल्याइएको घोराही –१५ काटेकोहलका विष्णु श्रेष्ठले व्यावसायिकरूपमा पालन गरेको मौरी । तस्वीरः रासस

# पूर्ण विद्युतीकरण प्रदेश घोषणाको तयारी


वीरगंज, ७ असार/रासस

मधेस प्रदेशको शतप्रतिशत गाउँबस्तीमा विद्युत् सेवा पुगेको छ । प्रदेशका सबै टोलबस्तीमा विद्युत् सेवा पुगेसँगै मधेस प्रदेशलाई पूर्ण विद्युतीकरण प्रदेश घोषणा गर्ने तयारी गरिएको छ ।

विद्युत् प्राधिकरण मधेस प्रदेश प्रादेशिक कार्यालय, जनकपुरधामका प्रमुख ई मुनीन्द्र ठाकुरले आर्थिक वर्ष २०७८–७९ सम्म मधेस प्रदेशका ९९ प्रतिशत बस्तीमा विद्युत सेवा पुगेको जानकारी दिए । “बाँकी एक प्रतिशत घरमा चालू आर्थिक वर्ष २०७९–८० मा विद्युत् पुऱ्याएपछि प्रदेशका शतप्रतिशत बस्तीमा विद्युतीकरण पुगेको छ”–उनले भने ।

प्रमुख ठाकुरले केही दिनमा प्रदेशलाई ‘शतप्रतिशत विद्युतीकरण प्रदेश’ घोषणा गर्ने तयारी भइरहेको जानकारी दिए । प्रदेशका सबै गाउँबस्तीमा विद्युतीकरण सकिएपछि सिंचाइ कार्यक्रममार्फत किसानको खेतवारीसम्म विद्युत् पुऱ्याउने अभियान शुरू गरिएको उनले बताए ।

विद्युत् प्राधिकरणले चालू आर्थिक वर्षदेखि रु ५५ करोड बराबरको सिंचाइ पूर्वाधार कार्यक्रमका लागि स्थानीय सरकारसँग सहकार्य गरेर सिंचाइ विद्युतीकरण शुरू गरेको छ । “उक्त कार्यक्रम अन्तर्गत स्थानीय सरकारले आफ्ना पालिकाभित्रका किसानलाई निश्शुल्क बत्ती दिने र सिंचाइ बत्ती महसूलबापतको रकम स्थानीय तहले प्राधिकरणलाई बुझाउने व्यवस्था गरेको छ”–प्रमुख ठाकुरले भने । हालसम्म




सिंचाइ पूर्वाधार कार्यक्रमका लागि धनुषा, महोत्तरी, सर्लाही र रौतहट जिल्लाका ८० स्थानीय तहले निश्शुल्क सिंचाइ बत्ती पुऱ्याउन निर्णय गरेको उनले बताए ।

सिंचाइ मिटर प्रयोग गर्ने किसानलाई प्रतियुनिट रु दुईका दरले मात्र महसूल तिराउने नीति लिएर विद्युत् प्राधिकरणले सिंचाइ विद्युतीकरण सुदृढीकरण कार्यक्रमका लागि रु पाँच अर्ब बजेट छुट्याएको जनाएको छ ।

प्राधिकरणले विद्युत् चुहावट नियन्त्रण अभियान अन्तर्गत हुकिङ नियन्त्रण, ग्राहकको बिलिङमा सुधार, लामो समयदेखि बन्द रहेको मिटर परिवर्तन र विद्युत् रिडिङमा सुधारलगायत कार्यक्रम सञ्चालन गर्दै आएको छ । उक्त कार्यक्रमपश्चात् प्राधिकरण सेवा विस्तार प्रणाली सुदृढीकरण भएको र निरन्तर विद्युत् चुहावट घट्दै गएको प्रमुख ठाकुरले जानकारी दिए ।

मधेस प्रदेशमा गत आर्थिक वर्ष २०७७–७८ मा १६.५४ प्रतिशत विद्युत् चुहावट हुँदै आएकोमा आर्थिक वर्ष २०७८–७९ मा चुहावट १४.१७ मा झरेको विद्युत् प्राधिकरण मधेस प्रदेश प्रादेशिक कार्यालय, जनकपुरधामले जनाएको छ ।

सबैभन्दा बढी सर्लाहीको मलङ्वा र सिमरौनगढ क्षेत्रमा ४१–४१ प्रतिशत, महोत्तरीको जलेश्वर, रौतहटको मौलापुर तथा गौर क्षेत्रमा ३५–३५ प्रतिशत विद्युत् चुहावट हुँदै आएको थियो ।

औद्योगिक ग्राहक धेरै रहेकाले बाराको सिमरा वितरण केन्द्रको विद्युत् चुहावट भने ०.३२ प्रतिशत रहेको छ । चुहावट नियन्त्रण अभियानका क्रममा हुकिङ गर्ने २,०४३ जनालाई पक्राउ गरी कारबाई गरिएको प्रादेशिक कार्यालय जनकपुरधामले जनाएको छ ।

मधेस प्रदेशमा लामो समयदेखि विद्युत् महसुल नतिर्ने २२,६६३ ग्राहकको विद्युत् लाइन काटिंदा १८,८२९ ग्राहकले पुनः जडान गराएका प्रमुख ई. ठाकुरले बताए । उनका अनुसार पुनः जडानबाट रु एक अर्ब ४३ लाख ४३ हजार १०५ बक्यौता असुली भएको छ ।

विद्युत् मिटर लिएर बिजुली उपभोग गर्ने तर लामो समयसम्म महसूल नबुझाउने प्रवृत्ति बढेकोले विद्युत् लाइन काट्ने अभियान चलाएको प्रमुख ई ठाकुरको भनाइ छ । चालू आर्थिक वर्ष २०७९–८० को हालसम्म मधेस प्रदेशमा रु १४ अर्ब ३३ करोड मूल्य बराबर विद्युत् बिक्री हुँदा रु १२ अर्ब ९३ करोड महसूल सङ्कलन भएको उनले जानकारी दिए ।

“मधेस प्रदेशमा चालू आर्थिक वर्ष २०७९–८० मा ६१,७६३ नयाँ ग्राहक थपिएका छन् । योसँगै प्रदेशमा ग्राहकको सङ्ख्या १०,४४,७८६ छ”–प्रमुख ठाकुरले भने । विसं २०७८ देखि अनलाइनबाट विद्युत् महसूल बुझाउनका लागि अनलाइन सेवा शुरू गरेको उनले जानकारी दिए । उनका अनुसार कुल ग्राहकमध्ये हाल २६ प्रतिशतले अनलाइन सेवामार्फत विद्युत् महसूल तिर्दै आएका छन् ।



**ड्रागन बोट रेस फेस्टिभल’को अभ्यास गर्दै** : नेपाल पर्यटन बोर्ड, नेपालस्थित चिनियाँ दूतावास र पोखरा महानगरपालिकाको आयोजनामा यही असार ८ र ९ गते पोखरामा हुने नेपाल–चीन फ्रेन्डशिप ‘ड्रागन बोट रेस फेस्टिभल’का लागि बिहीवार बिहान फेवातालमा अभ्यास गरिंदै । दक्षिण एशियामैं पहिलोपटक आयोजना गरिएको बोट रेसमा चीनका चार र नेपाली चार गरी आठ टोलीले प्रतिस्पर्धा गर्नेछन् । तस्वीरः रासस


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता

२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज

३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक

२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम

२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम

३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७

डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज

डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता

प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज

डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क

डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर

डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज

डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०

**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।

**सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल** मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## भारत–अमेरिका साझेदारीले दिगो, समावेशी विश्वव्यापी वृद्धिको लागि चालू इन्जिनको रूपमा काम गर्ने : प्रधानमन्त्री मोदी

भर्जिनिया, ७ असार/रएएनआई

भारत र संयुक्त राज्य अमेरिका बीचको साझेदारीले दिगो र समावेशी विश्वव्यापी वृद्धिका निम्ति चालू इन्जिनको रूपमा काम गर्ने भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बताएका छन्।



भर्जिनिया राज्यको अलेक्जेड्रियास्थित नेशनल साइन्स फाउन्डेशनको निरीक्षणको क्रममा बोल्दै भारतीय प्रम नरेन्द्र मोदी। फोटो : एएफपी

अमेरिकाको भ्रमणमा रहेका प्रधानमन्त्री मोदीले बुधवार नेशनल साइन्स फाउन्डेशनमा 'भविष्यका लागि सीप' कार्यक्रमलाई सम्बोधन गर्दै सो टिप्पणी गरेका हुन्।

प्रधानमन्त्री मोदीले दुई देशबीच बढ्दो गतिलाई कायम राख्न प्रतिभा व्यवस्थापन र आदानप्रदानको आवश्यकतामा जोड दिएका छन्।

"विकासको गति कायम राख्न भारत र अमेरिकालाई प्रतिभाको पाइपलाइन आवश्यक छ। एकातिर अमेरिकासँग उच्चस्तरीय शैक्षिक संस्था र उन्नत प्रविधि छन्, अर्कातर्फ भारतमा विश्वको सबैभन्दा ठूलो युवा कारखाना छ। त्यसैले मलाई विश्वास छ – भारत–अमेरिका साझेदारी दिगो र समावेशी विश्वव्यापी वृद्धिका निम्ति चालू इन्जिन साबित हुनेछ"– प्रधानमन्त्री मोदीले भने।

यस अघि बुधवार वाशिंगटन डिसी पुगेका प्रधानमन्त्री मोदीलाई एयरबेसमा औपचारिक स्वागतका साथै गार्ड अफ अनर दिइएको छ। प्रधानमन्त्री मोदी त्यसपछि अमेरिकी राष्ट्रपति जो बाइडेन र प्रथम महिलाले आयोजना गरेको राजकीय रात्रिभोजमा सहभागी हुने कार्यक्रम छ।

प्रथम महिला जिल बाइडेनको साथमा प्रधानमन्त्री मोदीले भर्जिनियाको अलेक्जान्ड्रियामा रहेको नेशनल साइन्स फाउन्डेशनको भ्रमण गरे। सो अवसरमा उनीहरूले महत्त्वपूर्ण उद्योगहरूमा सान्दर्भिक सीप हासिल गरिरहेका दुवै देशका विद्यार्थीसँग कुराकानी गरेका थिए।

सो अन्तर्क्रियामा नयाँ शिक्षा नीति लागू गर्ने, शिक्षा र सीपलाई एकीकृत गर्ने जस्ता विद्यार्थीको उज्ज्वल भविष्य सुरक्षित गर्न भारत सरकारले गरेका पहलमाथि प्रकाश पारिएको थियो।

विद्यार्थीको उज्ज्वल भविष्यका लागि भारत सरकारले गरेको कामको चर्चा गर्दै प्रधानमन्त्री मोदीले नयाँ शिक्षा नीति ल्याइएको र शिक्षा र सीपलाई एकीकृत गर्ने योजना बनाएको बताएका छन्। स्किल इन्डिया अन्तर्गत भारतले आर्टिफिसियल इन्टेलिजेन्स, ब्लकचेन, ड्रोनको क्षेत्रमा मानिसलाई दक्ष बनाएको छ। उनले विद्यालयमा भारत सरकारले १० हजार अटल टिङ्करिङ ल्याब स्थापना गरी बालबालिकालाई आविष्कारमा संलग्न हुने सुविधा उपलब्ध गराएको पनि जानकारी दिए।

प्रधानमन्त्री मोदीले अमेरिकी विद्यार्थीलाई भारत आउन आग्रह गर्दै अमेरिकाका सयौं शिक्षक पहिलेदेखि नै भारतमा रहेको र प्राविधिक साझेदारीमा भाग लिइरहेको बताए।

भारत–अमेरिका शिक्षक आदानप्रदान कार्यक्रमको प्रस्ताव गर्दै प्रधानमन्त्री मोदीले भने–"हामी भारत–अमेरिका शिक्षक आदानप्रदान कार्यक्रम शुरू गर्ने बारे सोच्न सक्छौं। वैज्ञानिकको संलग्नता बढाउन यो अत्यन्तै सान्दर्भिक छ।" रासस

## टयुनिसियामा रेल दुर्घटना, दुईजनाको मृत्यु, ३४ जना घाइते

टयुनिस, ७ असार/सिन्हवा

पूर्वी–मध्य टयुनिसियामा रात्रिकालीन यात्रीवाहक रेल पटरीबाट खसेर पल्टिंदा कम्तीमा दुईजनाको मृत्यु भएको छ। साथै अन्य ३४ जना घाइते भएका छन्।

टयुनिसियन रेलवेको राष्ट्रिय कम्पनीले बुधवार जनाए अनुसार मध्यरातको केही समयपछि सोसे प्रान्तको मसाकेन शहरनजीकै सो रेल पटरीबाट खसेपछि दुर्घटना भएको हो। पीडित चालक र यात्री रहेको एसएनसिएफटीले जनाएको छ।उक्त ट्रेन टयुनिसियाको राजधानी टयुनिसदेखि दक्षिणपूर्वी प्रान्त गाबेससम्मका लागि यात्रारत थियो।

दुर्घटनाको कारण पत्ता लगाउन अनुसन्धान शुरू गरिएको जनाइएको छ। रासस

## अपराधी–आश्रयस्थल नबन्न चीनद्वारा अमेरिकालाई अनुरोध

बेइजिङ, ७ असार/सिन्हवा

चीनले अमेरिकालाई आफ्नो अन्तर्राष्ट्रिय जिम्मेवारी पूरा गर्न र आफूलाई अपराधीहरूको सुरक्षित आश्रयस्थल बन्नबाट रोक्न आग्रह गरेको छ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता माओ निङले बुधवार आयोजित नियमित पत्रकार सम्मेलनमा दुई चिनियाँ नागरिकलाई अमेरिकामा मङ्गलवार सजाय दिइएको र जबर्जस्ती चीन फिर्ता पठाएकोबारे जिज्ञासा राख्दा उक्त टिप्पणी गरेका हुन्।

"सीमापार अपराधविरुद्ध लड्ने, भ्रष्ट भगौडाहरूलाई स्वदेश फिर्ता गर्ने र गैरकानूनी आम्दानी नियन्त्रण गर्ने लगायत विषय अन्तर्राष्ट्रिय समुदायले व्यापक रूपमा मान्यता दिएको विषय हो र यो न्यायोचित पनि हो"– माओले भने।

विश्वका कुनै पनि देशसँग रहेको चीनको कानून प्रवर्तन सहयोग अन्य देशको कानून र न्यायिक सार्वभौमसत्ताको पूर्ण सम्मान गर्दै र संदिग्ध अपराधी व्यक्तिहरूको कानूनी अधिकार र हित रक्षा गर्ने प्रतिबद्धताका साथ अन्तर्राष्ट्रिय कानूनको कडाइका साथ सञ्चालन गरिने पनि माओले प्रतिबद्धता व्यक्त गरेका छन्।

"सम्बन्धित कार्य पूर्णतया न्यायोचित छ। अर्कोतर्फ अमेरिकाले तथ्यहरूलाई बेवास्ता गर्ने गरेको छ, जानाजानी चीनको प्रयासलाई भयावह चीजको रूपमा विकृत गरेको छ र न्यायिक कारबाई पनि फरक ढङ्गले गरेको छ। चीन यसको कडा विरोध गर्दछ"– माओले भनेका छन्।

उनले अमेरिकालाई आफ्नो गल्ती तुरून्त सच्याउन, अन्तर्राष्ट्रिय सङ्गठित अपराधविरुद्ध संयुक्त राष्ट्रसङ्घ महासन्धि, भ्रष्टाचारविरुद्ध संयुक्त राष्ट्रसङ्घ महासन्धि र अन्य अन्तर्राष्ट्रिय सन्धिहरू अन्तर्गत दायित्व पूरा गर्न आग्रह गर्दै आफ्नो अन्तर्राष्ट्रिय जिम्मेवारी पूरा गर्न पनि उनले अमेरिकाको ध्यानाकर्षण गराएका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – ज्ञानोदय | वृष – उदरपीडा |
| मिथुन – विजय | कर्कट – धनलाभ |
| सिंह – भाग्योदय | कन्या – बेचैनी |
| तुला – मनोरञ्जन | वृश्चिक – कर्मप्राप्ति |
| धनु – प्रगति | मकर – वादविवाद |
| कुम्भ – यात्रालाभ | मीन – कडाश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## मोटरसाइकल चोरीमा तीनजना पक्राउ

प्रस, रौतहट, ७ असार/

मोटरसाइकल चोरीका घटनामा पर्सा र रौतहट प्रहरीले तीनजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय, रौतहटले चन्द्रपुर नपा–९ डुमरिया बजारमा पार्किङ गरेको अवस्थामा मोहन कुमारको नाममा दर्ता रहेको ना.४५प ७५५१ नम्बरको मोटरसाइकल चोरी भएको र सो चोरीको मोटरसाइकललाई इलाका प्रहरी कार्यालय, चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक एकनारायण कोइराला नेतृत्वको टोलीले चोरसहित मोटरसाइकल बरामद गरेको जिप्रका, रौतहटका सूचना अधिकारी उमाशङ्करप्रसाद यादवले बताए।



तस्वीरः सौजन्य

गत आइतवार साँझ फतुवा विजयपुर नपा–११ शहीद बजार चोकमा सो नम्बरको मोटरसाइकलसहित वीरगंज महानगरपालिका–१० निवासी अर्जुन साह कानूलाई नियन्त्रणमा लिएको रौतहट प्रहरीका प्रवक्ता यादवले बताए।

यसैगरी, जिप्रका, पर्साले चोरीको मोटरसाइकलसहित दुईजनालाई पक्राउ गरेको छ।

वीरगंज महानगर–९ रानीघाट निवासी सोनु पटेलले पार्किङ गरेर राखेको मोटरसाइकल चितवन जिल्ला राप्ति नगरपालिका–१३ बस्ने मनीष प्रजा र राजु प्रजाले लक तोडेर चोरी गरेका थिए।

हिजो उनीहरूलाई चितवन घरबाटै पक्राउ गरी अदालतबाट पाँच दिनको म्याद थप गरी कारबाही प्रक्रिया अगाडि बढाएको जिप्रका, पर्साले जनाएको छ।

## अख्तियारद्वारा विभिन्न व्यक्तिमाथि मुद्दा दायर

काठमाडौं, ७ असार/रासस

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अकूत सम्पत्ति कमाएको अभियोगमा नेपाल विद्युत् प्राधिकरणका तत्कालीन मेकानिकल इन्जिनीयर कृष्णप्रसाद यादवविरुद्ध बिहीवार विशेष अदालतमा मुद्दा दायर गरेको छ। आयोगले यादवविरुद्ध रु एक करोड ४२ लाख ५२ हजार ५५० बराबरको बिगो जरिवाना, कैद सजायको समेत माग गरेको छ।

प्राधिकरणका विभिन्न कार्यालयमा कार्यरत रहँदा स्रोत नखुलेको गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको पाइएको आयोगले जनाएको छ। आयोगका अनुसार २०४८ फागुन १ गतेदेखि सार्वजनिक सेवामा प्रवेश गरेका यादवको वैध आय रु एक करोड ७१ लाख ४६ हजार ४४ बराबर देखिन्छ।

इन्जिनीयर यादव २०७९ जेठ १ गतेसम्म सेवामा रहेको पाइएको छ। सो अवधिमा रु तीन करोड १३ लाख ९८ हजार ५९४ बराबरको खर्च तथा लगानी गरेको पाइएको छ।

वैध आयको तुलनामा लगानी तथा खर्च बढी रहेको तथा त्यसको कुनै स्रोतसमेत नखुलेको पाइएको आयोगले दायर गरेको मुद्दामा उल्लेख छ। वैध आयभन्दा बढी रहेको रु एक करोड ४२ लाख ५२ हजार ५५० बराबरको बिगो कायम गरिएको आयोगले जनाएको छ।

आयोगले गैरकानूनीरूपमा आर्जन गरेको तथा स्रोत नखुल्ने सम्पत्ति पत्नी मञ्जुदेवी यादवको नाममा जग्गा खरीद, घर निर्माण, शेयर खरीदलगायतमा प्रयोग गरेको पाइएको छ। आयोगले स्रोत नखुलेको सम्पत्ति जफत गर्नसमेत माग गरेको प्रवक्ता भोला दाहालले जानकारी दिए।

त्यस्तै, आयोगले हाल पोखरा महानगरपालिका–१८ साबिक सराङकोट गाविसको करीब छ रोपनी सार्वजनिक जग्गा मिचेर नक्शापास गरी घर निर्माण गरेको अभियोगमा तत्कालीन गाविस अध्यक्षसहित छजनाविरुद्ध पनि आजै विशेष अदालतमा मुद्दा दायर गरेको छ।

कानूनले प्रदान नगरेको अधिकार प्रयोग गरी सरकारी जग्गा वडास्तरीय भेला गरी बढिबढाउ बोलपत्र आह्वान गरी व्यक्तिलाई दिइएको पाइएको छ। तत्कालीन गाविसका जिम्मेवार अधिकारीले नै स्थानीय दिलबहादुर गुरुङलाई सरकारी जग्गा दिएको अनुसन्धानबाट खुलेको छ। सरकारी जग्गा हो भन्ने जानीजानी व्यक्तिगत लाभ प्राप्त गर्ने नियतले गैरकानूनी क्रियाकलापमा संलग्न भएको पाइएको छ।

सरकारी जग्गामा स्थायी संरचनासमेत निर्माण गरिएको छ। आयोगले तत्कालीन गाविस अध्यक्ष मोदनाथ रेग्मी र झपटबहादुर थापा, तत्कालीन वडा सदस्य एमबहादुर थापा, तत्कालीन गाविस सचिव मानबहादुर थापा, प्रतिवादी दिलबहादुर थापा, तत्कालीन उपभोक्ता समितिका अध्यक्ष भरतबहादुर थापाविरुद्ध समान रु एक करोड ५० लाख बराबरको बिगो दाबी गर्दै आज विशेष अदालतमा मुद्दा दायर गरेको प्रवक्ता दाहालले जानकारी दिए।

### किसान ...

बताए। "दैनिक ग्राहक फर्किनुपरेको छ"– उनले भने–"होटल रेस्टुराँमा पनि मासु पुऱ्याउन धौधौ भइरहेको छ।" उनले गर्मीको समयमा उत्पादन कम, कुखुराको वजन कम र मृत्युदर बढी हुने बताए।

नेपाल अन्डा उत्पादक सङ्घका अध्यक्ष शिवराम केसी अन्डा अभाव नभए पनि उत्पादनमा भने कमी आएको बताउँछन्। उनले लेयर्स कुखुरा पाल्ने धेरै किसान विस्थापित भएको जनाउँदै राज्यले ठोस नीति ल्याउन नसके अझै धेरै किसानको व्यवसाय बन्द हुने बताए।

## चरेससहित एकजना पक्राउ

प्रस, पंचगावाँ, ७ असार/

सशस्त्र प्रहरीले साढे १५ किलो चरेससहित एकजनालाई पक्राउ गरेको छ। चेकजाँच गर्ने क्रममा मोटरसाइकलको सिटमुनि लुकाएको अवस्थामा साढे १५ किलो चरेस बरामद भएको बताए।



तस्वीरः प्रतीक

सशस्त्र प्रहरी १३ नं गण वीरगंजका प्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक सन्तोष बस्नेतले सशस्त्र बेस पोखरियाको टोलीले देवरिया–भिस्वा सडकखण्डमा भारतीय नम्बरको मोटरसाइकल चरेस बरामद भएपछि मोटरसाइकमा सवार छिपहरमाई गापा–५ भिस्वा निवासी राजेश साहलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय, पोखरियाको जिम्मा लगाएको बताए।

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**सामाजिक विकास इकाई, वीरगंज**
पर्सा– नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८०।०३।०९

यस कार्यालयको आव २०७९/८० को स्वीकृत कार्यक्रम अनुसार यस कार्यालयको तपसिलको ठेक्काको लागि पेश भएका बोलपत्रहरूमध्ये तपसिलबमोजिमका बोलपत्र सारभूतरूपमा प्रभावग्राही ठहरिइ उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रको कार्यमा सहभागी सबै बोलपत्रदाता निर्माण कम्पनीहरूका लागि ७ (सात) दिनको आशयको सूचना प्रकाशित गरिएको छ।

| क्रस. | बोलपत्र प्रकाशन मिति | ठेक्का नं. (IFBNo.) | छनोट भएको बोलपत्रदाताको नाम | सबैभन्दा कम कबोल अङ्क (VAT सहित) | कार्यसम्पादन जमानत |
|---|---|---|---|---|---|
| १ | ०५/०२/२०२३ | SDU/NCB/WORKS/2079/80/03 | दामिनी कन्स्ट्रक्शन, बीरगंज महानगरपालिका–८, पर्सा | ४७,३०,९४८/४० | २,३६,५४७/४२ |

# अतिरिक्त हुलाकका कर्मचारीद्वारा प्रजिअलाई ज्ञापनपत्र

प्रस, वीरगंज, ७ असार/

अतिरिक्त हुलाक कर्मचारी एशोसिएशन जिल्ला कार्यसमिति, पर्साले विभिन्न छ सूत्रीय माग राख्दै बिहीवार पर्साका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको छ ।

सरकारले खारेज गरेको अतिरिक्त हुलाक कार्यालयलाई प्रविधिमैत्री बनाइ सञ्चालन गर्न कर्मचारीले माग गरेका छन् । अतिरिक्त हुलाकका कर्मचारीलाई निजामती कर्मचारीसरह सुविधाको व्यवस्था गर्नुपर्ने, सरकारको एक पालिका एक हुलाकको नीतिभित्र हाल कार्यरत १० हजार ८५३ कर्मचारी व्यवस्थापन गर्नुपर्ने, उमेद हदबन्दीका कारण हट्नुपर्ने कर्मचारीको वर्गीकरण गरी उचित सेवा–सुविधासहित एकमुस्ट रकम उपलब्ध गराउनुपर्ने माग ज्ञापनपत्रमा गरिएको छ ।

यसैगरी, नियमित खाई आएको मासिक पारिश्रमिकमा वृद्धि गरेको बाँकी रकम पाउनुपर्ने, सरकारले एक स्थानीय एक हुलाकको अवधारणा सारेकोमा उक्त नियुक्तिमा पहिलो स्थानमा खारेजीमा परेका कर्मचारीलाई दिनुपर्ने कर्मचारी एशोसिएशन पर्साले माग गरेको छ ।

दैनिक रु २५० मा काम गर्दै




आएकामा सरकारले अतिरिक्त हुलाक खारेज गरेपछि अब आगामी दिनमा कर्मचारी व्यवस्थापन सरकारले गर्नुपर्ने एशोसिएशन पर्साका अध्यक्ष रामबहादुर श्रेष्ठले बताए । सरकारले एकाएक अतिरिक्त हुलाक खारेज गरेपछि आफूसहित देशभरि रहेका १० हजार ८५३ जना कर्मचारीको कामको मूल्याङ्कन सरकारले नगरेको अध्यक्ष श्रेष्ठले आरोप लगाए ।

चिठीपत्र, सूचना, समाचारपत्र, सरकारी पुलिन्दा, सरकारी अड्डा अदालत, बैंकका कागजपत्र अतिरिक्त हुलाकका कर्मचारीहरूले जनताका घरदैलोमा सेवा दिँदै आएकामा जेठ १५ गते सरकारले देशभरिका अतिरिक्त हुलाक खारेज गरेको घोषणा गरेको अतिरिक्त हुलाक कार्यालय, जीराभवानी गाउँपालिका–५ की कर्मचारी बिना घिमिरेले बताइन् ।

# खेलकूदको संसार

## आइसिसी एकदिवसीय विश्वकप छनोट खेलमा नेपाल पराजित

काठमाडौं, ७ असार/रासस

आइसिसी एकदिवसीय विश्वकप छनोट खेलमा नेपाल वेस्ट इन्डिजसँग १०१ रनअन्तरले पराजित भएको छ । वेस्ट इन्डिजले दिएको ३४० रनको लक्ष्य पछ्याएको नेपालले ४९ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै २३८ मात्रै बनाउन सक्यो ।




यसअघि जिम्बावेको हरारे स्पोर्ट्स क्लबमा टस हारेर पहिले ब्याटिङ गरेको वेस्ट इन्डिजले निर्धारित ५० ओभरमा सात विकेट गुमाउँदै ३३९ रनको योगफल बनायो ।

वेस्ट इन्डिजका कप्तान साइ होपले सर्वाधिक १३२ रनको योगदान दिए । उनले १२९ बलमा १० चौका र तीन छक्का प्रहार गर्दै १३२ रनको योगदान दिएका हुन् । त्यस्तै, निकोलश पुरनले ११५ रन बनाए । उनले ९४ बलमा १० चौका र चार छक्कासहित ११५ रनको योगफल बनाएका हुन् । चौथो विकेटका लागि पुरन र होपले २१६ रनको दोहोरो शतकीय साझेदारी गरेका थिए ।

ब्रेन्डन किङले ४२ बल खेल्दै दुई चौका र दुई छक्काको मदतमा ३२ रन जोडे । यस्तै, रोभम्यान पावेलले तीन चौका र एक छक्काको सहयोगमा १४ बलमा २९ रन बनाए । वेस्ट इन्डिजका सुरुआती ब्याट्सम्यान कायल मेयर्स एक रनमा आउट भए भने जासोन होल्डरले अविजित १६ रन बनाए ।

बलिङतर्फ नेपालका ललित राजवंशीले तीन विकेट लिए भने करण केसी, गुलशन झा, सन्दीप लामिछाने र दीपेन्द्रसिंह ऐरीले समान एक/एक विकेट लिए ।

नेपालका लागि आरिफ शेखले सर्वाधिक ६३ रन बनाए भने गुलशन झाले ४२, आसिफ शेख र करन केसीले समान २८ रन बनाए । साथै दीपेन्द्रसिंह ऐरीले २३ रन बनाउन सके भने अन्य ब्याटरले उल्लेखनीय योगदान दिन सकेनन् । वेस्ट इन्डिजका लागि जोसन होल्डरले तीन विकेट लिए भने अल्जारी जोसेफ, किमो पउल, अकेइल होसेइनले समान दुई/दुई विकेट र काइले मायर्सले एक विकेट लिए ।

नेपाल यसअघि जिम्बावेसँग आठ विकेटले पराजित भएको थियो भने दोस्रो खेलमा नेपालले अमेरिकालाई छ विकेटले हराएको थियो ।

आजै भएको समूह चरणको अर्को खेलमा अमेरिकाविरुद्ध नेदरल्यान्ड्सले पाँच विकेटको जीत निकालेको छ । अमेरिकाले दिएको २११ रनको लक्ष्य नेदरल्यान्ड्सले ४३ दशमलव दुई ओभरमा पाँच विकेटको क्षतिमा पूरा गर्‍यो ।

जीतसँगै नेदरल्यान्ड्स समूह तालिकामा तेस्रो स्थानमा उक्लिएको छ भने नेपाल चौथो स्थानमा झरेको छ । नेपालको अर्को खेल शनिवार नेदरल्यान्ड्सविरुद्ध हुनेछ ।

# औरहीद्वारा ४० करोड ३३ लाखको बजेट सार्वजनिक

प्रस, बर्दिबास, ७ असार/

महोत्तरी जिल्लाको औरही नगरपालिकाले ४० करोड ३३ लाखको बजेट बिहीवार सार्वजनिक गरेको छ । नपाको १२औं नगरसभामा आव २०८०/८१ को लागि ४० करोड ३३ लाख ५९ हजारको बजेट प्रस्तुत गरिएको नगरप्रमुख प्रदीपकुमार खड्काले बताए ।

सङ्घीय, प्रदेश सरकारबाट प्राप्त बजेट, आन्तरिक आम्दानी र दातृ निकाय एवं सङ्घसंस्थाबाट उपलब्ध भएको स्रोत अनुमान विवरणका आधारमा सो रकमको बजेट प्रस्तुत गरेको उनले बताए ।

कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ आठ करोड ३८ लाख, शिक्षा तथा खेलकूदतर्फ १३ करोड ८४ लाख ६० हजार, स्वास्थ्यतर्फ तीन करोड ६३ लाख, कृषि तथा पशुपक्षीतर्फ दुई करोड ५५ लाख, ऊर्जातर्फ २२ लाख रुपियाँ अनुमानित आय प्रस्तुत गरिएको नगरप्रमुख खड्काले बताए ।

उद्योग तथा रोजगार प्रवर्द्धनतर्फ नौ लाख, पञ्जीकरणतर्फ नौ लाख, पूर्वाधारतर्फ सात करोड ५२ लाख ९९ हजार ५००, बस्ती विकास (दलित आवास कार्यक्रम)तर्फ दुई करोड र खानेपानीतर्फ १ करोड रुपियाँ गरी कुल ४० करोड ३३ लाख ५९ हजार ५०० रुपियाँको बजेट




नगरसभामा पेश गरेको नगरप्रमुख खड्काले जानकारी दिए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

# नगरप्रमुख सिंह राष्ट्रिय परिषद् सदस्यमा नियुक्त

प्रस, वीरगंज, ७ असार/

राष्ट्रिय परिषद् सदस्यमा वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंह नियुक्त भएका छन् ।

प्रधानमन्त्रीस्तरीय निर्णयबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय तथा अन्तरसम्बन्ध व्यवस्थित गर्न गठित राष्ट्रिय परिषद् सदस्यमा नगरप्रमुख सिंह नियुक्त भएका हुन् ।

गत जेठ २६ गतेको प्रधानमन्त्रीस्तरीय निर्णयबमोजिम मधेस प्रदेशबाट नगरप्रमुख सिंह सदस्य चयन भएका हुन् ।

परिषद्ले साझा अधिकारका विषयमा कानून तथा नीति तर्जुमाको लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्ने, प्रदेश तथा स्थानीयस्तरमा कार्यान्वयन हुने राष्ट्रिय हित तथा स्वार्थसँग जोडिएका विषयमा समन्वय गर्ने, राष्ट्रिय योजना, नीति तथा कानूनहरूको प्रदेश तथा स्थानीय तहमा कार्यान्वयनका सम्बन्धमा रहेका जटिलता समाधान गर्नेलगायतका विषयमा काम गर्ने पत्रमा जनाइएको छ ।

# मानव तस्करीविरुद्ध कार्य गर्न सरोकारवालाहरूबीच समन्वयकारी छलफल

राजेश केशरीवाल, रक्सौल, ७ असार/

मानव तस्करीविरुद्ध प्रयास जुवेनाइल एड सेन्टर पूर्वी चम्पारणको आयोजनामा सीमा सुरक्षा प्रवृत्तिमाथि रोक लगाउनुपर्ने आवश्यकतामा उनले जोड दिए ।




सरोकारवालाहरूबीच समन्वय बैठक बिहीवार रक्सौलमा सम्पन्न भएको छ । बल ४७औं बटालियन रक्सौलको मानव तस्करी रोधी एकाइ कार्यालयमा सम्पन्न बैठकमा अनुमण्डल पुलिस पदाधिकारी धीरजकुमारले मानव व्यापार, बालविवाह, बाल यौन शोषण, बाल मजदूरी, बालश्रमलगायतका विषयमा चिन्ता व्यक्त गर्दै यस क्षेत्रमा कुनै पनि जानकारी पाउना साथै नजीकैको प्रहरीलाई खबर गर्न अनुरोध गरेका थिए । खासगरी आर्केस्ट्रामा बालबालिकाहरूलाई अन्य राज्यबाट ल्याएर काम गराउने

बैठकमा इन्स्पेक्टर मनोजकुमार शर्माले मानव तस्करीका नयाँ–नयाँ तरीकाहरू दिनानुदिन देखा परिरहेका बताए । यस सम्बन्धमा प्रहरीले पनि सचेत भएर कार्य गर्नुपर्ने आवश्यकता रहेको उनले बताए ।

बैठकमा प्रयास संस्थाकी आरती कुमारी, राज गुप्ता, न्याय केन्द्र डङ्कन अस्पतालका डा वन्दना कण्ठ, प्रणय, एसएसबीका अनिलकुमार शर्मा, अरविन्द द्विवेदीलगायतको सहभागिता थियो ।




# लघुवित्तको ज्यादतीविरुद्ध प्रदर्शन

प्रस, सिराहा, ७ असार/

सिराहाको लहानमा लघुवित्तपीडितले बिहीवार प्रदर्शन गरेका छन् ।

'लघुवित्त संस्था खारेज गर', 'लघुवित्तपीडितहरूको ऋण मिनाहा गर' लगायत नारा लगाउँदै उनीहरूले सडकमा प्रदर्शन गरेका कारण सवारीसाधन अवरुद्ध भएका थिए ।

लघुवित्तका कर्मचारीहरूले मानसिक तनाव दिएको भन्दै प्रदर्शन गर्नुपरेको मन्दिरा लामाले बताइन् । प्रदर्शनकारीहरूले ऋण लगानी गर्ने लघुवित्तहरूले किस्ता नतिर्नेहरूको भैंसी लैजाने, घरमा ताला लगाइदिनेलगायतका ज्यादती गरेका कारण प्रदर्शनमा उत्रिनुपरेको लामाले बताइन् ।

# इनारभित्र पुरुषको शव भेटियो

प्रस, जनकपुरधाम, ७ असार/

मिथिला नगरपालिका–७ स्थित ढल्केबरको एउटा इनारभित्र पुरुषको शव बिहीवार बिहान भेटिएको इलाका प्रहरी कार्यालय, ढल्केबरले जनाएको छ ।

दक्षिणबारीचोकस्थित एभरेस्ट आयलको छेउमा रहेको इनारमा अन्दाजी ३५ वर्षीय पुरुषको शव भेटिएको प्रहरी निरीक्षक सविन राईले बताए । मृतकको पहिचान नखुलेको शवलाई शल्यपरीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुर लगिएको उनले बताए ।

इनार होचो रहेको कारण सो व्यक्ति आफैं खसेको वा कसैले कुनै घटना घटाएको विषयमा थप अनुसन्धान गरिरहेको प्रनि राईले बताएका छन् ।

# सर्पदंशबाट बालिकाको मृत्यु

प्रस, जनकपुरधाम, ७ असार/

धनुषाको बटेश्वर गाउँपालिका–१ चित्रपुरकी पाँच वर्षीया सन्ध्याकुमारी महतोको सर्पदंशको कारण मृत्यु भएको छ ।

घरमा सुतिरहेकी सन्ध्यालाई बिहीवार बिहान ओछ्यानमैं सर्पले टोकेको उनकी आमा रञ्जनाले बताइन् ।

तत्कालै उपचारको लागि सिराहाको बन्दीपुर सर्पदंश उपचारका केन्द्रमा पुर्‍याएको तर त्यहाँ उपचार सम्भव नभएपछि सिराहाकै फूलकुमारी मेमोरियल हस्पिटलमा उपचारको क्रममा मृत्यु भएको रञ्जनाले बताइन् ।

## विषादीको प्रयोगमा सचेत बनौं

**विषादीको प्रयोगबाट व्यक्तिमा देखिने लक्षणहरू,**

- थकान महसूस हुनु, टाउको दुख्नु, रिङ्गटा लाग्नु, छाती दुख्नु ।
- छाला लाटो हुनु, चिलाउनु र फोका आउनु ।
- आँखा रातो हुनु, पोल्नु, आँसु बगिरहनु, धमिलो देखिनु र आँखीभौं फरफराउनु ।
- नाक पोल्नु, पातलो सिङ्गान बगिरहनु, खोकी लाग्नु, वाकवाकी लाग्नु, बान्ता हुनु र निद्रा नपर्नु ।
- हिंड्दा लड्खडाउनु, कम्पन हुनु, होश हराउनु, स्वाँ–स्वाँ बढ्नु र मुर्छा पर्नु ।
- त्यसबाट प्यारालाइसिस, हृदयघात तथा मृत्युसमेत हुन सक्ने भएकोले विषादीको प्रयोगमा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड